# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ४२ | काठमाडौं | आइतबार, २१ जेठ २०८० | Prabhab National Daily | Sunday, June 4, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


जनगणना-२०७८

## नेपाली भाषा बोल्ने बढ्दो, थपिए १७ जाति

■ दीपा सुनार

**जनकपुरधाम-** नेपालमा पछिल्लो दशकमा नेपाली भाषा बोल्ने जनसंख्या बढेको छ । २०६८ मा कुल जनसंख्याको एक करोड १८ लाख २६ हजार ९५३ जना नेपाली भाषा बोल्ने रहेकोमा यसपटक यसको संख्या झण्डै १२ लाखले बढेको छ ।

जनगणना २०७८ अनुसार नेपाली मातृभाषा बोल्नेको संख्या एक करोड ३० लाख ८४ हजार ४५७ पुगेको छ । कूल दुई करोड ९१ लाख ६४ हजार ५७८ मातृभाषीमध्ये नेपाली भाषा बोल्नेको संख्या यसपटक ४४.८६ प्रतिशत पुगेको राष्ट्रिय तथ्यांक कार्यालयले शुक्रबार सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । यसअघि यस्तो संख्या ४४.६ प्रतिशत रहेको थियो ।

नेपालीपछि नेपालमा सबैभन्दा धेरै बोलिने भाषा मैथिली हो । जनगणना २०७८ अनुसार मैथिली भाषा बोल्नेको संख्या ३२ लाख २२ हजार ३८९ पुगेको छ । अघिल्लो जनगणनाको तथ्यांक हेर्ने हो भने मैथिली भाषा बोल्नेको संख्या पनि बढेको छ । यसैगरी भोजपुरी भाषा बोल्नेको संख्या यसपटक १८ लाख २० हजार ७९५ पुगेको छ । यसअघि भोजपुरी भाषा बोल्नेको संख्या १५ लाख ८४ हजार ९५८ मात्र थियो ।

यसपटक थारु भाषा बोल्नेको संख्या १७ लाख १४ हजार ९१ पुगेको छ । जनगणना २०६८ अनुसार थारु भाषा बोल्नेको संख्या १५ लाख २९ हजार ८७५ थियो । यसैगरी तामाङ भाषा बोल्नेको संख्या १४ लाख २३ हजार ७५ पुगेको छ । अघिल्लो जनगणनामा तामाङ भाषा बोल्नेको संख्या १३ लाख ५३ हजार ३११ थियो ।

जनगणना २०७८ अनुसार बज्जिका, अवधी, नेपाल भाषा, मगर धुत र डोटेली सर्वाधिक बोलिने भाषाको 'टप टेन' सूचीमा परेका छन् । यसपटक नेपाली, भोजपुरी, थारूलगायतको भाषा बोल्नेको जनसंख्या अनुपात बढ्दा मैथिली, तामाङ, डोटेली भाषा बोल्नेको जनसंख्याको अनुपात घटेको छ ।

मेरो गणना
मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

- यसपटक नेपाली, भोजपुरी, थारूलगायतका भाषा बोल्नेको जनसंख्या अनुपात बढ्दा मैथिली, तामाङ, डोटेली भाषा बोल्ने जनसंख्या अनुपात घटेको छ
- क्रिस्चियन र मुस्लिम धर्म मान्नेको संख्या बढ्यो, हिन्दू र बौद्ध धर्म मान्नेको संख्या घट्यो
- वि.सं. २०६८ को जनगणनामा जातजाति १२५ रहेकामा हाल १७ थपिएर नेपालमा कूल जातजातिको संख्या १४२ पुगेको छ

नेपालमा मातृभाषाको संख्या १२४ रहेको कार्यालयले उल्लेख गरेको छ ।

कार्यालयका अनुसार २०६८ को जनगणनाबाट १२३ वटा मातृभाषामध्ये १२ (बाँकी पृष्ठ २ मा)

# इपिजीमा चुके दाहाल

प्रधानमन्त्रीज्यूको भारत भ्रमणमा नेपालीले चाहेकै मोदीसँग इपिजी प्रतिवेदन कार्यान्वयनबारे छलफल गर्लान् भन्ने थियो तर भएन । उहाँले इपिजीको कुरा निकाल्नुपर्थ्यो ।

■ **बुद्धिनारायण श्रेष्ठ**
सीमाविद्

०००

देशहितको मुद्दा भ्रमणका क्रममा प्रधानमन्त्रीले छलफल गर्नुपर्छ । तर, इपिजीबारे कुरै उठाउनुभएनछ । यो दुःखद हो ।

■ **डा. भेषबहादुर थापा**
पूर्वपरराष्ट्रमन्त्री

इपिजीको विषय मैले आफ्नो ढंगले कुरा नगरेको पनि होइन । तर, यो विषयलाई बढी उचालेर बन्दै गरेको आर्थिक तथा द्विपक्षीय सहयोगको क्षेत्र विस्तारको परिणाममुखी वातावरण बिगार्न उचित थिएन ।

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री



■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले भारत भ्रमण परिणामुखी भएको प्रतिक्रिया दिएका छन् । भारतबाट फर्कनसाथ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री दाहालले भ्रमण परिणाममुखी भएको बताएका हुन् । 'सीमासम्बन्धी पनि विशेष कुराकानी भएको छ । यसमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग कुरा भएको छ,' दाहालले भने, 'भारतीय प्रधानमन्त्रीबाट सीमासम्बन्धी सकारात्मक सम्बोधन भएको छ । यो भ्रमण परिणाममुखी भयो ।'

प्रधानमन्त्री दाहालले सात सम्झौता र सीमालाई लिएर भ्रमण परिणामुखी भएको भनिएको भ्रमणमा उनी मुख्य विषयमा भने चुकेको देखिन्छन् । नेपाल-भारत सीमासँगै असमान सन्धिहरूको पुनरवलोकन गर्नेबारे अध्ययन गर्न गठित प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदनको विषय उठाउन उनी चुकेका छन् । इपिजीको प्रतिवेदन कार्यान्वयनका लागि भारतीय समकक्षी नरेन्द्र मोदीसँग प्रधानमन्त्री दाहालले छलफल नै गरेनन् ।

इपिजी प्रतिवेदन कार्यान्वयनमा नेपाल पहिलेदेखि नै सकारात्मक छ, भारतचाहिँ नकारात्मक । त्यही भएर प्रधानमन्त्री मोदीले आनाकानी गरिरहेका छन् । अझैसम्म प्रतिवेदनसमेत बुझेका छैनन् ।

उसो त उनका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलले मोदीलाई 'भारतको राष्ट्रिय सुरक्षामा प्रतिकूलता' हुनसक्ने भन्दै प्रतिवेदन बुझेर कार्यान्वयन नगर्न सल्लाह दिएको विवरण यसअघि नै सार्वजनिक भइसकेको छ । मोदी स्वयं नै प्रतिवेदनबारे सकारात्मक देखिदैनन् ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ मोदीलाई विश्वस्त तुल्याएर (बाँकी पृष्ठ २ मा)

### हिन्दू मन्दिरमा जान नहुने हो र ?

भारत भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले गेरु वस्त्र लगाएर मन्दिरमा पूजा गरेको विषय चर्चामा छ । कम्युनिस्ट नेताको आदर्शविपरीत गेरु वस्त्रमा अकर्षित भएको भन्दै आलोचना भइरहेको छ । यसबारे प्रधानमन्त्री दाहालले प्रस्टीकरण दिएका छन् । उनले भारत भ्रमण सकेर फर्कनेक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा दिएको प्रस्टीकरणको अंश:

*उज्जैन गएर नयाँ बस्त्र पहिरेको कुरा रह्यो । म मुस्लिम कम्युनिटीमा गएर मुस्लिम टोपी लगाएको* (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## वैदेशिक रोजगारलाई सुरक्षित बनाउँदै श्रीलंका

■ प्रभाव संवाददाता

**काठमाडौं–** चरम आर्थिक संकटको सामना गरिरहेको दक्षिण एसियाली मुलुक श्रीलंकाले पछिल्लो समय वैदेशिक रोजगारीका अवसरलाई सुरक्षित गर्दै गइरहेको देखिएको छ । विभिन्न मुलुकमा आवश्यक दक्ष कामदार उपलब्ध गराई आकर्षक रोजगारीको अवसरलाई सुरक्षित गर्ने र रेमिटचान्स सुनिश्चित गर्न भरपर्दो कदम चालिएको त्यहाँको श्रम तथा वैदेशिक रोजगार मन्त्रालयले जनाएको छ ।

श्रीलंकाले दक्ष कामदारलाई इजरायल, जापान र युरोपमा बालबालिका तथा वृद्धवृद्धाको हेरचाह गर्ने (केयर गिभर)सम्बन्धी रोजगारीलाई सुरक्षित गरेको त्यहाँको श्रम तथा वैदेशिक रोजगारमन्त्री मानुषा नानायक्कारालाई उद्धृत गर्दै अन्तर ाष्ट्रिय सञ्चारमाध्यम न्युजवायरले उल्लेख गरेको छ । त्यस्तै बेलायत, क्यानडा र अस्ट्रेलियामा हस्पिटालिटी उद्योगसम्बन्धी रोजगारी र मध्यपूर्वमा निर्माण उद्योगको रोजगारी रहेको बताइएको छ ।

आर्थिक संकटलाई पार लगाउन र विदेशी मुद्रा सञ्चितिमा योगदान पुऱ्याउने उद्देश्यका साथ श्रीलंका सरकारले बढीभन्दा बढी वैदेशिक रोजगारीलाई सुरक्षित गर्न चाहेको सञ्चारमाध्यममा उल्लेख गरिएको छ । जसको प्रयासस्वरूप कोरिया, मलेसिया, जापान, बेलायत र इजरायलले आप्रवासी श्रमिक आपूर्ति गर्न श्रीलंकाका लागि कोटा नै छुट्याएका छन् । मलेसियाले यस वर्ष १० हजारभन्दा बढी सुरक्षा गार्डसहित एक लाखसम्म श्रमिक लिने जनाएको छ भने कोरियाले सन् २०२३ का लागि आठ हजारभन्दा बढी कामदार लैजाने प्रतिबद्धता जनाएको छ ।



तस्बिर सौजन्यः डेल्लीन्युज डटएलके

> भरपर्दो आर्थिक स्रोत रहेको वैदेशिक रोजगारलाई अधिकतम उपयोग गर्ने नीति श्रीलंकाले लिएको छ । उसले मासिक ५० करोड डलर रेमिट्यान्स भित्र्याउने लक्ष्यका साथ काम गरिरहेको बताइएको छ ।

त्यस्तै इजरायलले २०२३ मा दुई हजार केयर गिभर लैजाने सम्झौता गरेको छ भने जापानले पनि जिट्कोमार्फत श्रीलंकाली युवालाई रोजगारीको अवसर दिने भन्दै सम्झौता गरेको छ । जिट्कोमार्फत नै स्पेसिफाइड स्किल वर्कर (एसएसडब्ल्यू) अन्तर्गत कामको अवसर प्राप्त गर्न सक्ने जनाइएको छ ।

न्युजवायरका अनुसार अहिले विश्वको श्रमबजारले श्रीलंकाका कामदारको माग गरिरहेको र मागअनुसार कामदार आपूर्ति गर्न नसकेको मन्त्री नानायाक्काराले बताएका छन् । मागअनुसार केयर गिभरका लागि जापानले अनुरोध गरे बराबरको संख्या पठाउन नसकिएको र बेलायत, क्यानडा र अस्ट्रेलिया जस्ता देशमा सेवा क्षेत्रमा आवश्यक संख्यामा दक्ष कामदार पठाउन गाह्रो परिरहेको छ । युरोपबाट आएका अवसरलाई सदुपयोग गर्न दक्ष जनशक्ति उत्पादनमा लाग्नु परेको उनले उल्लेख गरेका छन् ।

सन् २०३० सम्म विश्व श्रमबजारमा ३५ लाख नर्सको माग हुने जनाउँदै त्यसको केही हिस्सा श्रीलंकाले आपूर्ति गर्ने जनाएको छ । त्यस्तै साउदी अरबमा रोजगारीको क्षेत्र पहिचान गरेको र जापानको आइटी क्षेत्रमा पनि विदेशी कामदारको ठूलो माग रहेकोप्रति पूर्वतयारी भइरहेको बताइएको छ ।

कामअनुसारको सीप र अनुभव भएका कामदार फेला पार्न कठिनाइ झेल्नुपरेको भन्दै मन्त्री नानायाक्काराले व्यावसायिक तालिम प्राधिकरण र कोरियन टेक इन्स्टिच्युटसँगको सहकार्यपछि झण्डै ४०० जनालाई वेल्डरका रूपमा कोरिया पठाइएको बताए । उनले कोरिया र जापानको सिपिङ उद्योगबाट प्रसस्तै रोजगार प्रस्ताव प्राप्त गर्ने अवसर रहेको र जापान भ्रमणबाट भवन मर्मत सेवा, निर्माण उद्योगलगायत थुप्रै क्षेत्रमा रोजगारीका अवसर सुरक्षित गर्न सफल भएको जानकारी दिएको सञ्चारमाध्यमले उल्लेख गरेका छन् ।

भरपर्दो आर्थिक स्रोत रहेको वैदेशिक रोजगारलाई अधिकतम उपयोग गर्ने नीति श्रीलंकाले लिएको छ । उसले मासिक ५० करोड डलर रेमिटचान्स भित्रचाउने लक्ष्यका साथ काम गरिरहेको बताइएको छ । आप्रवासी कामदारले पठाउने विप्रेषण श्रीलंकाका लागि वैदेशिक राजस्वको एक प्रमुख स्रोत हो । यसका लागि विश्वबजारको मागअनुसार कामदार उपलब्ध गराउन दक्ष कामदार उत्पादनमा केन्द्रित हुँदै वैदेशिक रोजगारीमा जाने युवालाई तालिम प्रदान गर्न व्यावसायिक तालिम प्राधिकरणसँग सम्झौता गरेको त्यहाँको वैदेशिक रोजगार मन्त्रालयले जनाएको छ । कोभिड-१९ को महामारीबाट सुरु भएको आर्थिक पतनबाट गुज्रिएको देशमा मजदुरहरू असहाय अवस्थामा परेका बेला उनीहरूको जीवन सुरक्षा र आर्थिक स्रोतको लागि वैदेशिक रोजगार उपयुक्त अवसर भएको बताइएको छ ।


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# बौद्ध धर्मसम्बन्धी तीन पुस्तक सार्वजनिक

**काठमाडौं (प्रस)**– बौद्ध धर्मसँग सम्बन्धित तीन पुस्तक एकसाथ सार्वजनिक गरिएको छ । 'ञ्युङने साधना लाभ तथा अनुभूति वर्णन', 'पारमितायानको मार्ग साधना' र 'समग्र धर्मपाल संक्षिप्त बलिविधि' नामक पुस्तक शनिबार एक समारोहबीच पूर्वयुवा तथा खेलकुदमन्त्री दावा तामाङले सार्वजनिक गरेका हुन् ।




जोङ्सर बौद्ध महाविद्यालयको महाउपाध्यय (खेन्छेन) कुन्गावाङ्छ्युक रिन्पोछेले भोटभाषा (सम्भोटा) मा लेखेको ञ्युङने (साधना लाभा तथा अनुभूति वर्णन) र पारमितायानको मार्ग साधना तथा विद्याधर ग्युर्मेदोर्जेले लेखेको समग्र धर्मपाल संक्षिप्त बलिविधि स्तुतिगान नामक पुस्तक नेपाली भाषामा अनुवाद गरी प्रकाशनमा ल्याइएको छ । यी पुस्तकको प्रकाशन बौद्ध शिक्षा विस्तार मैत्री धर्म द्वीप केन्द्रले गरेको हो । अनुवाद जेचुन साङ्गे खाण्डो रिन्पोछे, खेन्पो पाल्साङ नोर्बु बोम्जन लामालगायतले गरेका छन् ।

ञ्युङनेले साधना विधि प्रस्टयाउनुका साथै दुर्लभ मानवजीवनलाई कुशल कर्म सञ्चयमा खर्चिंदै बोधिचित्तोत्पादको मार्गप्रशस्त गर्न सघाउ पुऱ्याउने प्रकाशकको भनाइ छ । बोधिचित्त अभ्यासको प्रसंगसँगै 'स्व' र 'पर'को भावनाबारे सरल व्याख्या रहेको समग्र धर्मपाल संक्षिप्त बलि विधिमा बुद्धरत्न, धर्मरत्न र संघरत्नको संक्षिप्त चिनारी समेटिएको छ ।

## नेपाली भाषा...

पृष्ठ १ बाट जारी

वटा विदेशी भाषा बोल्ने व्यक्तिको संख्या न्यून भएकाले 'अन्य भाषा'अन्तर्गत समावेश गरी हाल नयाँ थप भएका १३ वटासमेत गर्दा जम्मा १२४ वटा मातृभाषा कायम भएका छन् ।

**क्रिस्चियन, मुस्लिम बढ्दा हिन्दू बौद्ध घट्यो**

तथ्यांक कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय जनगणना, २०७८ को विवरणअनुसार नेपालमा हिन्दू धर्मावलम्बीको संख्या ८१.१९ प्रतिशत अर्थात् दुई करोड ३६ लाख ७७ हजार ७४४ रहेको छ । २०६८ को जनगणनाअनुसार नेपालमा हिन्दू धर्मावलम्बीको संख्या ८१.३ प्रतिशत थियो । यसपटक हिन्दू धर्म मान्नेको संख्यामात्र होइन, बौद्ध धर्म मान्नेको संख्या पनि घटेको छ ।

दोस्रो स्थानमा रहेको बौद्ध धर्मावलम्बीहरूको संख्या ८.२ प्रतिशत कायम भएको छ । अर्थात् नेपालमा २३ लाख ९३ हजार ५४९ बौद्धमार्गी रहेको उल्लेख छ । २०६८ मा बौद्ध धर्मावलम्बीको संख्या नौ प्रतिशत थियो । तेस्रो स्थानमा रहेको इस्लाम धर्मावलम्बीको संख्या ५.०८ प्रतिशत अर्थात् १४ लाख ८३ हजार ६६ रहेको छ । इस्लाम धर्मावलम्बी मान्ने जनसंख्या योपटक बढेको छ । २०६८ मा इस्लाम धर्मावलम्बीको संख्या ४.४ प्रतिशत रहेकोमा बढेर ५.०८ पुगेको हो ।

यसैगरी किरात धर्मावलम्बीको संख्या ३.१७ प्रतिशत रहेको छ । यस्तो जनसंख्या नौ लाख २४ हजार २०४ रहेको तथ्यांकमा उल्लेख छ । किरात धर्मावलम्बीको संख्यामा पनि वृद्धि देखिएको छ । २०६८ मा किरात धर्मावलम्बीको संख्या ३.१ प्रतिशत थियो ।

त्यसैगरी क्रिस्चियन धर्मावलम्बीको संख्या १.७५ प्रतिशत कायम भएको छ । जसअनुसार नेपालमा क्रिस्चियन धर्म मान्नेहरूको संख्या पाँच लाख १२ हजार ३१३ जना पुगेको छ । जनगणना २०६८ मा क्रिस्चियन धर्मावलम्बीको संख्या नेपालको कूल जनसंख्याको १.४ प्रतिशत रहेकोमा यसपटक बढेर १.७५ प्रतिशत पुगेको हो ।

प्रकृति धर्म मान्नेको संख्या ०.३४ प्रतिशत रहेको छ । यसैगरी बोन धर्म मान्नेहरू ०.२३ प्रतिशत रहेका छन् । जैन धर्मावलम्बीको संख्या दुई हजार ३९८ रहेको छ । शिख धर्मावलम्बीको संख्या एक हजार ४९६ रहेको छ । साथै, बहाई धर्म मान्नेहरू ५३७ जना छन् ।

**थपिए १७ जाति**

नेपालमा कूल जातजातिको संख्या १४२ पुगेको छ । २०६८ को जनगणनामा जातजाति १२५ रहेकामा हाल १७ थप भएको राष्ट्रिय तथ्यांक कार्यालयले उल्लेख गरेको छ । तथ्यांकमा कुन-कुन जाति थापिएकोबारे स्पष्ट खुलाइएको छैन ।

| भाषा | २०७८ | २०६८ | २०५८ |
|---|---|---|---|
| नेपाली | १३०८४४५७ | ११८२६९५३ | ११०५३२५५ |
| मैथिली | ३२२२३८९ | ३०९२५३० | २७९७५८२ |
| भोजपुरी | १८२०७९५ | १५८४९५८ | १७१२५३६ |
| थारु | १७१४०९१ | १५२९८७५ | १३३१५४६ |
| तामाङ | १४२३०७५ | १३५३३११ | ११७९१४५ |
| बज्जिका | ११३३७६४ | ७९३४१६ | २३७९४७ |
| अवधि | ८६४२७६ | ५०१७५२ | २३७९४७ |
| नेपालभाषा | ८६३३८० | ८४६५५७ | ८२५४५८ |
| मगर धुत | ८१०३१५ | ७८८५३० | ७७०११६ |
| डोटेली | ४९४८६४ | | ७८७८२७ |

| जात | २०७८ | २०६८ |
|---|---|---|
| क्षेत्री | ४७९६९९५ | ४३,९८,१७९ |
| ब्राह्मण पहाडी | ३२९२३७३ | ३२२६,९०३ |
| मगर | २०१३४९८ | १८८७७३३ |
| थारु | १८०७१२४ | १७३७४७० |
| तामाङ | १६३९८६६ | १५३९८३० |
| विश्वकर्मा | १४७००१० | १३२११३३ |
| मुसलमान | १४१८६७७ | १२५८५५४ |
| नेवा | १३४१३६३ | ११६४२२५ |
| यादव | १२२८५८१ | १०५४४५८ |
| राई | ६४०६४७ | ६२०००४ |

जातिगतरूपमा सबैभन्दा धेरै क्षेत्रीको संख्या ४३ लाख ९८ हजार अर्थात् १६.४५ प्रतिशत छ । पहाडी ब्राह्मण ११.२९, मगर ६.९, थारु ६.२ र तामाङ ५.६२ प्रतिशत पुगेको छ । यस्तै विश्वकर्मा ५.०४ प्रतिशत छ भने मुसलमान ४.८६ प्रतिशत । परियार, गुरुङ, ठकुरी, मिजार, तेली, लिम्बु, चमार, हरिजन, राम, कोइरी र कुशवाहा जाति एक प्रतिशतभन्दा बढी छन् भने बाँकी एक प्रतिशतभन्दा कम छन् । सबैभन्दा थोरै जनसंख्या भएको जाति नुराङ ३६ जनामात्र पहिचान भएका छन् ।

## इपिजीमा चुके...

पृष्ठ १ बाट जारी

इपिजी प्रतिवेदन कार्यान्वयन गराउन नसक्नु नेपालको कूटनीतिक क्षमतामा प्रश्न गर्छन् । अर्कातिर, मोदीसँग प्रधानमन्त्री दाहालले जुनसुकै हालतमा इपिजी प्रतिवेदनबारे छलफल गर्दा उपयुक्त हुने उनको मत छ । तर, विवाद निम्तिनसक्ने भयले छलफल नगर्नुलाई उनी प्रधानमन्त्री दाहालको गम्भीर चुकाइको रूपमा टिप्पणी गर्छन् ।

'प्रधानमन्त्रीज्यूको भारत भ्रमणमा नेपालीले चाहेकै मोदीसँग इपिजी प्रतिवेदन कार्यान्वयनबारे छलफल गर्लान् भन्ने थियो तर भएन,' उनले प्रभावसँग भने, 'अरु थुप्रै द्विपक्षीय हितका राम्रो सम्झौता भए पनि यहाँ उहाँ चुक्नुभयो । उहाँले इपिजीको कुरा कतै चुस्स निकाल्नुपर्थ्यो ।'

भारतका तर्फबाट इपिजीमा रहेका तर हाल दिवंगत भइसकेका प्राध्यापक भिसी उप्रेतीले नेपाल-भारत खुला सीमाको फाइदा आपराधिक गतिविधिमा सक्रिय भएकाहरूले दुरूपयोग गरेको र ७० वटा ठाउँबाट मात्रै आउजाउको व्यवस्था परिचयपत्र राखेर गर्नुपर्ने प्रतिवेदनमा उल्लेख भएको बताएका थिए । बंगलादेशसँगको मोडलमा सीमाको समस्या समाधान गर्नुपर्ने पनि धारणा राखेका थिए । जसबारे प्रबुद्ध समूहका नेपाली सदस्यहरू सहमत छन् । तर, प्रधानमन्त्री दाहालको भनाइलाई आधारमा मान्दा विवाद हुने भयले नै देशवासीको सर्वाधिक चासोको मुद्दा इपिजी प्रतिवेदनबारे छलफल गर्न दाहालले अरुचि देखाएको प्रस्ट भएको छ ।

नेपालका तर्फबाट इपिजीमा रहेका डा. भेषबहादुर थापाले राष्ट्रिय चासोको मुद्दाबारे मोदीसँगको 'वान टु वान' भेटवार्तामा प्रधानमन्त्री दाहालले छलफलको विषय नबनाउनुलाई 'दुःखद' भएको प्रतिक्रिया दिए । पूर्वपरराष्ट्रमन्त्रीसमेत रहेका उनले भनेका छन्, 'देशहितको मुद्दा भ्रमणका क्रममा प्रधानमन्त्रीले छलफल गर्नुपर्छ । तर, इपिजीबारे कुरै उठाउनु भएनछ । यो दुःखद् हो ।'

यद्यपि, यो विषयमा आफू नचुकेको प्रधानमन्त्री दाहालको दाबी छ । 'पहल भइराखेको र सकारात्मक परिणाम आउन लागेका बेलामा वातावरण बिगारेर, धेरै नकारात्मक कुरा गरेर नेपाललाई धेरै फाइदा छैन,' प्रधानमन्त्री दाहालले भने । यसबारे आफू जानकार रहेको उल्लेख गर्दै विभिन्न आर्थिक सहायता पाइरहेको बेला बिथोल्ने गरी यो विषय उछाल्नु ठीक नहुने उनको धारणा छ । 'मैले आफ्नो ढंगले कुरा नगरेको पनि होइन । तर, यो विषयलाई बढी उचालेर बन्दै गरेको आर्थिक तथा द्विपक्षीय सहयोगको क्षेत्र विस्तारको परिणाममुखी वातावरण बिगार्न उचित थिएन,' दाहालले भने, 'मलाई लाग्छ, यी सबै गर्दै गएपछि इपिजी प्रतिवेदन लिने काम पनि हुन्छ । जुन विश्वासको वातावरणबीच प्रधानमन्त्री मोदीसँग कुराकानी भएको छ, त्यही वातावरणअनुसार नै सबै कुरा मिल्दै जान्छ ।'

प्रधानमन्त्रीको भ्रमण टोलीले सीमा मुद्दालाई पनि चासोका साथ उठाएका थिए । बंगलादेशसँग ऊर्जा व्यापारका लागि बाटो माग्दा भारतले लिपुलेक-लिम्पियाधुरासहितको भूभाग दिने कुरामा दाहालले बढी जोड दिए । बंगलादेश जाने बाटो माग्ने विकल्पमा कुरा भए पनि निचोड भने ननिस्किएको उनको भनाइ थियो ।

'यो कुरा पक्कै पनि भयो । विभिन्न विकल्पहरूबारे किन नसोच्ने भन्ने कुरा भएको छ । त्यहाँ प्रधानमन्त्री मोदीजीसँग मात्र होइन, हामी समूह नै बसेको बेलामा पनि बंगलादेश मोडलको कुरा भएको हो,' दाहालले भने, 'भारत-बंगलादेशको सीमा समस्या समाधान गर्न उनीहरूले जुन सफलता प्राप्त गरे, यो अनुभव हाम्रा लागि पनि हुन सक्छ भन्ने एउटा चर्चा भएको हो ।' नेपालबाट बंगलादेशसम्म भारतीय ग्रिडमार्फत ५० मेगावाटसम्मको विद्युत् निर्यात गर्न त्रिपक्षीय विद्युत् कारोबारलाई सहजीकरण गर्ने विषयमा सीमाको विषय उठाएको बताइएको छ ।

बरु, ऊर्जा क्षेत्रमा सहकार्यका महत्त्वपूर्ण सम्झौता भएको छ । जलविद्युत् परियोजनाको विकास, विद्युत् प्रसारणलाइन, पूर्वाधार तथा ऊर्जा व्यापार सम्झौतामा समावेश छन् । नेपालबाट भारतमा हुने विद्युत् निर्यातको परिमाण १० वर्षमा १० हजार मेगावाट पुऱ्याउन र त्यसका लागि आपसी सहयोगलाई प्रोत्साहित गर्न विषय पनि सम्झौतामा अटेको छ ।

चार सय केभी गोरखपुर-बुटवल प्रसारणलाइनको शिलान्यास, ४८० मेगावाटको फुकोट-कर्णाली परियोजना निर्माणका लागि एनएचपिसी र भियुसिएल लिमिटेडबीच समभ्रूदारीपत्रमा हस्ताक्षर र ६६९ मेगावाटको तल्लो अरुणको निर्माणका लागि सतलज जलविद्युत् निगम र नेपाल लगानी बोर्डबीच परियोजना विकास सम्झौता भएको छ । २८ वर्षपछि पञ्चेश्वर आयोजनाको डिपिआरलाई अन्तिम रूप दिने र नेपाल-भारतबीच दोधारा चाँदनीमा एकीकृत जाँच चौकी निर्माणको सम्झौता भएको छ । पारवहन सम्झौता नवीकरण, डिजिटल पेमेन्ट सम्झौता, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सूष्मा स्वराज इन्स्टिच्यूटबीच सहकार्य गर्नेजस्ता विषय उठान भएर सम्झौता नै भएको छ ।

यससँगै, सुनौली-भैरहवा इन्टिग्रेटेड चेकपोस्ट, बथनाहा-विराटनगर कार्गो रेल उद्घाटन, अमलेखगञ्ज-चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन परियोजनाको भने शिलान्यास भएको छ ।

# 'लू'बाट बच्न आग्रह

**काठमाडौं (प्रस)**- जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले लूबाट बच्न सतर्कता अपनाउन अनुरोध गरेको छ । देशका तराई भू-भागमा आगामी केही दिनसम्म तातो हावा तथा 'लू' लाग्नसक्ने सम्भावना रहेकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन महाशाखाले आग्रह गरेको हो ।

तातो दिन तथा लूसम्बन्धी विशेष बुलेटिन जारी गर्दै महाशाखाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो । 'आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भू-भागमा अधिकतम र न्यूनतम तापक्रम क्रमिकरूपमा बढ्दै जाने देखिन्छ । तसर्थः तराईका भू-भागमा तातो हावा र लूबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ,' शनिबार प्रकाशित बुलेटिनमा उल्लेख छ ।

महाशाखाका मौसमविद् गोविन्दकुमार झाले अबका तीन दिनसम्म लूचल्ने सम्भावना रहेको बताए । 'विगत दुई दिनदेखि तराईका अधिकांश भू-भागमा लू चलिरहेको छ । समग्रमा तराईको मध्य क्षेत्र सप्तरीदेखि भैरहवा क्षेत्रमा तापक्रम ४० डिग्री नाघेर तातो हावा तथा लू चलेको छ । नेपालगञ्जलगायत क्षेत्रमा तापक्रम ४० डिग्री हाराहारी छ, यसले गर्मी बढेको छ,' उनले भने ।

लू चल्नका लागि लगातार पाँच दिनसम्म सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापक्रम बढेमा लू चलेको मानिन्छ । वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद् झाको भनाइ छ । साथै, पहाडी भू-भागका उपत्यका तथा खोँचमासमेत तापक्रम क्रमिकरूपमा बढ्नसक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहन पनि महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका अनुसार विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको छ । काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामासमेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भू-भागमा, मुख्यतयाः मध्य तराई र आसपासमा अधिकतम तापक्रत्र ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ ।

## हिन्दू मन्दिरमा...

पृष्ठ १ बाट जारी

*देख्नुभएको छ होला नि । क्रिस्चियनको गिर्जाघरमा प्रार्थना गरेको देख्नुभएको छ होला नि । बुद्धिस्टको लुम्बिनीमा गएर त्यतिकै सहभागी भएको छु । अनि हिन्दूकोमा चाहिँ जान नहुने र अरुकोमा जान हुने भन्ने हुन्छ र ?*

*म मनैले धर्मनिरपेक्षतावादी हुँ । यो भनेको धर्मविरोधी होइन नि । सबै धर्मलाई सामान व्यवहार गरोस् । राज्यले लाखापाखा नगरोस् भन्ने हो । इन्दोर जाने । अनि उज्वेनमा पनि । महाकालेश्वर । महाकाल, कालको पनि काल । धार्मिक पर्यटन विकास हुन्छ । हेर्न पूजा गर्न त्यहाँ मान्छे जान्छन् । म त कम्युनिस्टमात्र हैन नि । प्रधानमन्त्री पनि हो नि ।*

*मसँग हुने सुरक्षाले त सकेसम्म गेरू वस्त्र नलाउन पाए हुन्थ्यो भनेर जोड गरेकै हो । तर, प्रोटोकल नै रहेछ । लाउन्न भन्दा के हुन्थ्यो त, एक अर्ब मान्छेको मनमा चिसो पस्थ्यो । नेपालीहरू के हो, नेपाल सरकार के हो भन्थे । मैले सहज ढंगले लगाउँदा सबै खुसी । कतिपयलाई गेरु वस्त्र लगाएर कमन्डलु लगाएर हिँडे पनि हुन्थ्यो भन्ने लाग्यो होला । तर, म हिड्ने वाला छैन । यसलाई सांस्कृतिक रूपमा बुझ्दिनुपऱ्यो ।*

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ २१ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ २१ गते, २०८०, ४ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**गाउँपालिका अध्यक्ष पुस्तकालय** | तमानखोला गाउँपालिका-५ खुंखानीमा स्थापित 'गाउँपालिका अध्यक्ष पुस्तकालय' । विद्यार्थीको पठनपाठनमा सहजता ल्याउन गाउँपालिकाले यहाँका तीन विद्यालयमा 'गाउँपालिका अध्यक्ष पुस्तकालय' स्थापना गरेको छ । *तस्बिरः डम्मर बुढामगर/रासस*

# मरिणका २३० परिवारलाई इन्डक्सन चुलो

**सिन्धुली (प्रस)–** मरिण गाउँपालिकाले दलित र जनजाति समुदायका २३० परिवारलाई इन्डक्सन चुलो वितरण गरेको छ । पालिकाको वडा नम्बर ५ का माझी समुदायलाई पहिलो प्राथमिकतामा राखेर विद्युतीय चुलो वितरण गरिएको गाउँपालिकाका अध्यक्ष विमर्श मुक्तानले जानकारी दिए । उनका अनुसार पहिलो प्राथमिकतामा माझीलाई राखिएको छ भने दोस्रोमा दलित र तेस्रोमा मगर समुदायलगायतलाई चुलो वितरण गरिएको हो ।




गाउँपालिकाले प्रतिचुलो तीन हजार, संस्थाको र उपभोक्ताको तर्फबाट दुई/दुई हजार सहयोगमा चुलोसँगै आवश्यक भाँडावर्तन वितरण गरिएको थियो । चुलो वितरण कार्यक्रममा पालिकाका उपाध्यक्ष विमला माझी, प्रमुख प्रशासकीय अधिकृत ओम दर्जी, कार्यपालिका सदस्य, कर्मचारी तथा स्थानीयको उपस्थिति थियो ।

पालिकाले यसअघि अविवाहित स्नातक उत्तीर्ण गरेका छ किशोरीलाई सम्मानस्वरूप जनही एक/एक लाख रूपैयाँ प्रदान गरेको थियो । साथै, ११ कक्षामा अध्ययनरत छात्रालाई साइकल वितरण गरिएको थियो । मरिणको यो दुवै कार्यक्रमले शैक्षिक सुधारमा मद्दत पुग्ने विश्वास गरिएको छ ।

# ओझेलमा मध्यपहाडी लोकमार्गको वैकल्पिक सडक

**म्याग्दी–** पूर्व-पश्चिम जोड्ने राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्गको वैकल्पिक मानिएको बेनी-दरवाङ-मुना-जलजला-ढोरपाटन सडक ओझेलमा परेको छ । मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको यो सडकको थप १९ किलोमिटर मार्ग खोलेपछि ढोरपाटनसँग जोडिनेछ । तर, पछिल्लो दुई वर्षयता बजेट विनियोजन नहुँदा सडक निर्माण रोकिएको छ ।



भौगोलिकरूपमा म्याग्दीको मंगला, मालिका र धवलागिरि गाउँपालिकाका बासिन्दा लाभान्वित हुने र दीर्घकालीनरूपमा राष्ट्रिय महत्त्व राख्ने भए पनि आवश्यक बजेट र पहुँचको अभावमा यो सडक ओझेलमा परिरहेको धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताए । उनका अनुसार काठमाडौं र पोखराबाट बेनी हुँदै ढोरपाटन र पूर्वीरुकुम जोड्ने यो छोटो दूरीको सडक हो । बेनीबाट मुना हुँदै खोरियासम्म ५० किलोमिटर सडकको मार्ग खुलिसकेको र ढोरपाटनबाट जलजलासम्म पनि १० किलोमिटर कच्ची सडक बनेको अध्यक्ष पुनले बताए ।

'बेनीबाट दरवाङ-मुना-जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको टकसेरा जोड्ने सडकको मार्ग खोल्ने काम सकिए मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिन्छ,' उनले भने, 'पूर्वीरुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ ।'

म्याग्दीको धवलागिरि गाउँपालिका-२ खोरियामा तीन वर्षअघि पुगेको सडक निर्माणको काम पछिल्लो दुई वर्षयता बजेट विनियोजन नहुँदा रोकिएको छ । १९ किलोमिटर सडकको विस्तृत परियोजना प्रतिवेदन बनाएर प्रदेश र संघीय सरकारसँग योजना तथा बजेटको प्रस्ताव गरिएको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए ।

म्याग्दीका सरोकारवालाले खोरिया पुगेको सडकलाई ढोरपाटन हुँदै पूर्वीरुकुम जोडेर मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक मार्गका रूपमा यो सडकलाई प्रयोगमा ल्याउन लुम्बिनी प्रदेश र पूर्वीरुकुमका जनप्रतिनिधिसँग छलफल र पहल थालेका छन् ।

'भू-बनोटको सहजता र दूरीको हिसाबले पनि मध्यमहाडी लोकमार्ग म्याग्दीबाटै विस्तार हुनुपर्ने हो,' उपाध्यक्ष पुनले भने, 'तत्कालीन समयमा केन्द्रीय पहुँच नपुगेकै कारण लोकमार्गबाट म्याग्दीलाई हटाउँदा सिंगो जिल्लालाई नै अन्याय भएको छ ।'

बेनी-दरबाङ-धारापानी-ताकम-मुनासम्मको सडक कालोपत्र गर्ने र मुनाबाट जलजला हुँदै ढोरपाटनलाई सडकले जोड्ने योजनालाई प्राथमिकता दिइने गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले बताए । सडक यातायातसँगै पर्यटन विकासका हिसाबले पनि यो मार्गको आवश्यकता देखिएको उनको भनाइ छ ।

'म्याग्दी हुँदै ढोरपाटन पुगेर बुर्तिवाङ हुँदै लुम्बिनी र पोखरा पुग्ने पर्यटनमार्ग पनि बन्ने भएकाले यो सडकलाई प्रदेशको महत्त्वपूर्ण योजनामा समेट्छौं,' उनले भने 'बेनीबाट दरवाङ हुँदै धवलागिरि गाउँपालिकाको केन्द्र मुनासम्मको सडक कालोपत्र गर्ने र ढोरपाटनलाई सडकले जोड्ने योजनालाई प्राथमिकता दिन्छौं ।'

प्रदेश सरकारमार्फत बेनीबाट मंगला गाउँपालिका-२ सिमसम्म १२ किलोमिटर ५०० मिटर सडक कालोपत्र भइसकेको छ । सिमबाट लाम्पाटा चार किलोमिटर र लाम्पाटा-दरवाङको आठ किलोमिटर सडक कालोपत्र गर्न सञ्चालित योजना निर्माणले तीव्रता पाएको छ । दरवाङबाट धारापानीसम्म सात किलोमिटर सडक ग्राभेल गर्ने योजनाको काम जारी छ ।

दरवाङ-मुना जोड्ने १८ किलोमिटर सडक कालोपत्र गर्न एक करोड ६६ लाख रूपैयाँ लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन तयार भएको धवलागिरि गाउँपालिकाले जनाएको छ । वि.सं. २०६४ मा मार्ग खुलेको २४ किलोमिटर दूरीको बेनी-दरवाङ सडक २०७४ सालदेखि स्तरोन्नतिको काम थालिएको थियो ।

पश्चिम म्याग्दीको 'लाइफ लाइन' मानिएको यो सडकखण्डलाई अहिले निकै चासोका साथ हेरिएको छ । मध्यपहाडी लोकमार्गको वैकल्पिक मार्ग र पूर्वी रुकुमसम्म जोडिने पश्चिम म्याग्दीको लाइफ लाइन मानिएको यो सडकको बाँकी मार्ग खोल्ने, विस्तारसँगै मर्मत, स्तरोन्नति र कालोपत्रका लागि बजेटको व्यवस्थापन र योजना कार्यान्वयनमा सरोकारवालाको चासो बढेको छ । *रासस*

# रैथाने बालीको संरक्षण गर्न सामुदायिक बीउ बैंक

**त्रिवेणी–** नवलपुरको कावासोतीमा रहेको सामुदायिक बीउ बैंकले रैथाने बालीको संरक्षण गर्दै आएको छ । रैथाने बाली क्रमशः लोप हुँदै जान थालेको अवस्थामा सामुदायिक बीउ बैंकले यसको संरक्षण गर्दै आएको हो ।

कावासोती-१४, त्रिभुवनटारमा रहेको बीउ बैंकमा हाल धानका मात्रै विभिन्न ४५ प्रजाति रहेको बीउ बैंकका अध्यक्ष पार्वती भण्डारीले बताए । 'धेरैजसो हाम्रै पुर्खाले लगाउने गरेको धान अहिले हराउँदै जान थालेका छन्, त्यस्ता प्रजाति लोप नहोस् भनेर बीउ उत्पादन गर्दै आएका छौं,' उनले भने ।

कनक जिरा, बकुल्ले अनदी, मगर अनदी, थापा चिनी, आम ज्योति, पहेले धान, घिउपुरी, झिनुवा, आँप झोते, चमेली, मिठाइ, छयाङा, कालो नुनिया, बासमती, दूधराज, वार, सावित्रीलगायतका धानको बीउ बैंकमा संरक्षण गरिएको अध्यक्ष भण्डारीले बताए ।

अन्नबालीसँगै लहरेबाली, कोसेबाली, तेलहन, दलहन बालीका विभिन्न प्रजातिका बीउ संरक्षण गरिएको र सिजनअनुसार किसानलाई बिक्री वितरण गर्ने गरिएको उनले बताए । सामुदायिक बीउ बैंकमा ९५३ घरपरिवार आबद्ध छन् । उनीहरूले बीउ बैंकमा रहेका रैथाने प्रजातिका बीउ लिएर खेती गर्ने गरेका छन् । साथै स्थानीय प्रजातिको बीउ उत्पादनमा समेत सहयोग गर्दै आएका छन् ।

रैथाने बालीको खेती गर्दा धेरै विषादी प्रयोग गर्न नपर्ने, उत्पादन कम भए पनि मूल्य धेरै पाइने, यस्ता प्रजातिबाट पोषण धेरै प्राप्त हुने र प्रतिकूल वातावरणसमेत सहन सक्ने हुनाले अहिले क्रमशः किसान रैथाने प्रजातिका बालीतर्फ आकर्षण बढ्दो क्रममा रहेको बीउ बैंकका सचिव दानबहादुर महतोले बताए ।

लीबर्डको सहयोगमा बीउ बैंक स्थापना गरिएकोमा हाल स्थानीय, प्रदेश र संघीय सरकारबाट समेत रैथाने बालीको संरक्षणमा सहयोग प्राप्त हुने गरेको उनले बताए । सामुदायिक बीउ बैंकले जग्गा भाडामा लिएर आफैं बीउको उत्पादन गर्दै आएको छ । धानको बीउ आफैं उत्पादन गर्ने गरिएको भए पनि अन्य रैथाने प्रजातिका स्थानीय तरकारी, दलहन बालीको बीउ भने स्थानीय कृषकले उत्पादन गर्दै आएका छन् ।

बीउ बैंकबाट स्थानीय जातका बीउ लगेर उत्पादन गर्ने र उत्पादनपश्चात् धेरै भएको बीउ पुनः बीउ बैंकमा बिक्री गर्ने गरेका छन् । बीउ बैंकबाट किसानले सस्तोमा बीउ प्राप्त गर्छन् । धेरै उत्पादन भएमा बीउ बैंकले कृषकबाट बीउ खरिद गरिदिने हुनाले केही कृषकले बीउ बेचेर आम्दानीसमेत गर्ने गरेका छन् ।

रैथाने जात धान कनक जिरा, बकुल्ले अनदी, घिउपुरी, झिनुवा, आँप झोतेलगायतका धानका बीउको माग धेरै हुने गरेको अध्यक्ष भण्डारीले बताए । सिजनअनुसारका अन्य बीउको समेत माग हुने गरेको उनले बताए ।

बीउ बैंक स्थापना भएर स्थानीय रैथाने जातको बीउ संरक्षण र उत्पादनमा लागेसँगै यस क्षेत्रका किसान क्रमशः स्थानीय जातका बाली लगाउन थालेका छन् । स्थानीय जातका बालीमा रोगको प्रकोप कम देखिने र उत्पादनसमेत राम्रो हुँदै आएको कृषकको भनाइ रहेको छ ।

रैथाने जातको प्रवर्द्धनका लागि नगरपालिकाबाट समेत आवश्यक सहयोग प्रदान गर्दै आइएको कावासोती नगरपालिका कृषि शाखा प्रमुख शिवनारायण कुमालले बताए । रैथाने बालीको उत्पादनले खाद्यान्न अभाव घटाउन सहयोग पुग्ने भएकाले स्थानीय प्रजातिका बालीको संरक्षण र उत्पादनलाई जोड दिनुपर्ने उनको भनाइ छ । *रासस*

# नेपाल कर्पोरेट लयर्स एसोसिएसन गठन



**काठमाडौं (प्रस)–** कर्पोरेट क्षेत्रमा कार्यरत कानुन व्यवसायीहरू आफ्नो हकहित तथा अधिकारका लागि एकजुट भएका छन् । कर्पोरेट क्षेत्रमा कार्यरत रहेका कानुन व्यवसायीहरूको पहिचान स्थापित गर्न र पेसागत मर्यादा कायम गर्न नेपाल कर्पोरेट लयर्स एसोसिएसन गठन गरिएको हो ।

कर्पोरेट क्षेत्रका कानुन व्यवसायीहरूलाई गोलबद्ध गराई उनीहरूको पेसागत हितका लागि १५ सदस्यीय तदर्थ समिति गठन गरी एसोसिएसन स्थापना गरिएको छ । तदर्थ समितिको अध्यक्षमा अधिवक्ता समबहादुर भट्ट छन् । उपाध्यक्षमा विमल सापकोटा र भगीरथ दुलाल, सचिवमा रामप्रसाद चापागाईं, सहसचिवमा टेकप्रसाद कट्टेल र मुन्नी श्रेष्ठ, कोषाध्यक्षमा चक्रबहादुर थापा रहेका छन् । सदस्यहरूमा विजया शर्मा, चित्रबहादुर कुताल विष्ट, भवानी भट्टराई गैरे, मीना पहाडी, राजकुमार महतो, कुन्दनकुमार झा, इन्दु कार्कीलगायत रहेका छन् ।

कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरूले नेपाल बार एसोसिएसनले संसारमै चलेको च्याम्बर लयर्स प्राक्टिसलाई नजरअन्दाज गरेको आरोप लगाए । कर्पोरेट क्षेत्रका कानुन व्यवसायीहरूलाई बारको चुनावमा भन्दा अरुबेला जहिले पनि दोस्रो दर्जाको वकिलको रूपमा हेरेर उपेक्षा गरेकोमा उनीहरूले रोष प्रकट गरेका थिए । कर्पोरेट क्षेत्रमा कार्यरत कानुन व्यवसायीहरूको हक अधिकारको संरक्षण गर्ने र कम्पनी, उद्योग व्यवसायसँग प्रत्यक्ष सम्बन्ध राख्ने उद्योगी व्यवसायीको र सम्बन्धित निकायको बीचमा पुलको रूपमा कार्य गर्ने उद्देश्यले यो संस्था स्थापना गरिएको जानकारी दिइएको छ ।

# 'प्राप्त उपलब्धि संकटमा पर्ने खतरा बढ्यो'

**काठमाडौं (प्रस)–** उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले लोकतन्त्र, संविधान, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक प्रणालीलगायत प्राप्त उपलब्धि संकटमा पर्ने खतरा बढ्दै गएको भन्दै रक्षाका निम्ति सबैलाई आग्रह गरेका छन् ।




छुवाछूतमुक्त राष्ट्र घोषणाको १७ वर्ष पूरा भएको सन्दर्भमा स्थानीय तहका दलित जनप्रतिनिधिको प्रथम राष्ट्रिय भेला मूल आयोजक समितिद्वारा आयोजित 'स्थानीय तहका दलित जनप्रतिनिधिको प्रथम भेला'को यहाँ शनिबार उद्घाटन गर्दै उनले प्राप्त उपलब्धिमाथि विभिन्न बहानामा प्रहार भइरहेको उल्लेख गरे ।

उपप्रधानमन्त्री श्रेष्ठले शान्ति प्रक्रियासँग सम्बन्धित संक्रमण न्यायको कामअन्तर्गत सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगसँग सम्बन्धित कामलाई जतिसक्दो चाँडो पूरा गरेर शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे ।

उनले राजनीतिक परिवर्तनसँगै अबका दिनको आमजनताको अवस्था बदल्नका लागि वर्तमान सरकार केन्द्रित रहेको बताए । उनले भने, 'सामाजिक न्यायसहितको समृद्धिको कार्यभार पूरा गर्न सकिएन भने राजनीतिक परिवर्तनको औचित्य हामीले पुष्टि गर्न सक्दैनौं, वास्तविक परिवर्तनका निम्ति राजनीतिक परिवर्तनलाई माध्यम बनाएर सामाजिक र आर्थिक रूपान्तरण गर्न जरुरी छ ।'

दलित समुदायमाथिको जातीय उत्पीडन र शोषणसँगै वर्गीय शोषण तथा उत्पीडिन पनि भएको टिप्पणी गर्दै उनले नेपालको सामाजिक लोकतान्त्रिक आन्दोलनसँगै विभिन्न संघर्षमा योगदान पुऱ्याउने दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक समस्यालाई एकीकृतरूपमा समाधान गर्नुपर्नेमा जोड दिए । उनले दलित समुदायबारे संविधानमा उल्लेख धारा २४ र ४० लाई व्यावहारिकरूपमा कार्यान्वयन गर्न दलित समुदाय सक्रिय हुनुपर्नेमा पनि जोड दिए ।

भएका ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सचेतनामार्फत जातीय भेद्भाव तथा छुवाछूतलाई व्यावहारिकरूपमै कार्यान्वयन गर्नुपर्ने उनको भनाइ थियो । उनले भने, 'दलित आन्दोलनका सामु आज पनि कति चुनौती छन्, आजको २१औं शताब्दीमा पनि नेपाली समाजमा छुवाछूत जस्तो समस्या सांस्कृतिक रूप कायम रहनु लज्जाको विषय हो, ती चुनौतीलाई सामना गर्न अझै पनि हामी एकताबद्ध भएर अगाडि बढ्नुपर्छ ।'

दलित नेता गणेश विकले दलित समुदायबारे प्राप्त उपलब्धि कार्यान्वयनमा उदासीनता देखिएको बताए । सोही अवसरमा एक लाख रूपैयाँ राशिको 'इभा क्यासेल पुरस्कार' दलित आन्दोलनका अगुवा लालबहादुर विश्वकर्मालाई प्रदान गरिएको थियो । उक्त भेला दुई दिनसम्म चल्नेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## औपचारिकतामा सीमित दाहालको भ्रमण

**प्रधानमन्त्री पुष्पकमल दाहाल दक्षिणी छिमेकी देश भारतको चार दिने औपचारिक भ्रमण पूरा गरेर स्वदेश फर्किएका छन्। उनको भ्रमण कति उपलब्धिपूर्ण भए भन्नेबारे पक्ष र विपक्षमा बहस चलिरहेको छ। ऊर्जा व्यापार, पारवहनसहित द्विपक्षीय हितका केही महत्त्वपूर्ण सम्झौता भएका छन्। ती सम्झौताहरूको पूर्ण कार्यान्वयन हुँदा नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुग्ने निश्चित छ। अर्कोतर्फ नेपाल–भारतबीचको सम्बन्धलाई सुमधुर बनाइराख्न भ्रमणले विशेष महत्त्व राखेको छ। यस हिसाबले प्रधानमन्त्री दाहालको भ्रमणलाई सकारात्मक रूपमा लिन सकिन्छ।**

**तर, उनको भ्रमणका क्रममा सीमा विवादलगायत महत्त्वपूर्ण विषयहरू उठाउने अपेक्षा गरिएको थियो। ती विषय दाहालको यो भ्रमणमा एजेण्डा नै बन्न सकेन। नेपाल–भारत सीमासँगै असमान सन्धिहरूको पुनरवलोकन गर्नेबारे अध्ययन गर्न गठित प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदन बुझ्नेबारे भारतीय समकक्षी नरेन्द्र मोदीसँग छलफल गरेनन्। हालै भारतको नयाँ संसद् भवनमा राखिएको ‘अखण्ड भारत’को चित्रमा नेपाली भूमि लुम्बिनी र कपिलवस्तुलाई समेटिएको विषय पनि यो भ्रमणका क्रममा राख्न सकेनन्। राष्ट्रियतासँग सम्बन्धित यो विषय उठाउनबाट प्रधानमन्त्री दाहाल चुकेका छन्।**

**भारत भ्रमणबाट फर्किनेक्रममा शनिबार त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीसमक्ष उनले इपिजीको कुरा उठाएर वातावरण बिगार्न नचाहेको भन्दै पन्छिए। यसबाट उनी विवादित हुने बहानामा राष्ट्रहितका मुद्दाहरूलाई उठाउनै चाहँदैनन् भन्ने देखिएको छ जुन ठीक होइन। उनले ‘वान टु वान’ भेटवार्तामा यो विषय उठाएको भए इपिजी प्रतिवेदन बुझेर कार्यान्वयन गर्न मोदीमाथि थप नैतिक दबाब पर्ने थियो। तर, प्रधानमन्त्रीकै बेवास्तामा इपिजी प्रतिवेदनको मुद्दा पर्‍यो।**

**इपिजी प्रतिवेदन कार्यान्वयनमा नेपाल पहिलेदेखि नै सकारात्मक हो। भारतले भने चासो देखाएको छैन। प्रधानमन्त्री मोदीले यसमा आनाकानी गरिरहेका छन्। अझैसम्म प्रतिवेदनसमेत बुझेका छैनन्। उनका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलले इपिजी प्रतिवेदन बुझेर कार्यान्वयन गरिए ‘भारतको राष्ट्रिय सुरक्षाको प्रतिकूलता’ हुन सक्ने सुझाव दिएको विवरण यसअघि नै सार्वजनिक भइसकेको छ। डोभलको सल्लाहले पनि मोदी इपिजी प्रतिवेदनबारे सकारात्मक नभएको भन्ने बुझ्न सकिन्छ।**

**प्रतिवेदन यदि कार्यान्वयन भए नेपाल–भारतबीच विभिन्न समयमा भएका असमान सन्धिहरूको पुनरवलोकनसँगै सीमा समस्या समाधान हुने जानकारहरू बताउँछन्। यति महत्त्वपूर्ण विषय प्रधानमन्त्री दाहालले समकक्षी मोदीसँगको भेटवार्तामा नउठाउनु गम्भीर चासोको विषय बनेको छ। प्रधानमन्त्री दाहालले भने आफ्नो भ्रमण ऐतिहासिक भएको दाबी गरेका छन्। उनको दाबी स्वाभाविक भए पनि समग्रमा यसपटकको भ्रमण पनि बढी औपचारिकतामै सीमित भएको देखिन्छ।**

### मनन्योग्य
## चाणक्य नीति

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- ‘त्यो सबै म चाहन्छु, तर म बूढो छ। त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ। अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन।’

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो। लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो। आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए। पिताजीको दोष यति मात्र थियो कि मगधमा न्यायप्रिय राजाको चाहना थियो। चाणक्यलाई आफ्नो संकल्पको स्मरण भयो। शकटारसँग भने- तात। कुनै प्रकारले पनि मलाई नन्दका दरवारमा पुग्ने प्रबन्ध गर्नोस् किनकि म आफैं गई उसको शक्ति कति रहेछ हेर्न चाहन्छु।

शकटारले जवाफ दिए- ‘पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ। तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ।’ यति भनी शकटार दरवारतिर हिंडे। विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो। शकटार आइरहेका रहेछन्, चोणक्य उनको प्रतीक्षामा थिए। शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे।

मगधको राजपथ सफा पीडा दुवैतिर ठूलाठूला वृक्ष छाया दिएका निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे ठूलाठूला बाटा, रामा बादली र बज्रले निर्मित भवन, बाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए। बिहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, बेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए। १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियी. भन्ने पत्तै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए।

# प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ



▶▶ एनपी साउद
परराष्ट्रमन्त्री

> धेरै हिसाबले यो भ्रमण ऐतिहासक नै छ। पारवहन सन्धिको नवीकरण गरिएको छ। ऊर्जासम्बन्धी सहमतिमा पुगेका छौं। केही हप्ताभित्रै भारतको 'क्याबिनेट' बसेर त्यसलाई अनुमोदन गर्ने विश्वास दिलाउनुभएको छ। विभिन्न सात वटा समझदारीमा हस्ताक्षर भएको छ। प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ।

दुई देशका बीचको पुरानो, घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई प्रधानमन्त्री पुष्पकमल दाहालज्यूको यो भ्रमणले अगाडि बढाएको छ। यो भ्रमणका क्रममा विभिन्न समझदारी र सम्झौता भएका छन्। यसले नेपाल-भारत पारस्पारिक विकासका लागि राम्रो दृष्टान्त दिएको छ। ऊर्जाको विकास र व्यापारका सम्बन्धमा पनि भारतसँग ऐतिहासिक सहमति भएको छ। यो सहमतिले नेपालभित्र भारतीय र अन्य लगानी आउने विश्वास बढाएको छ। नेपालमा उत्पादन भएको विद्युत् बंगलादेशमा पनि पठाउन सक्नेछौं। त्यसले नेपालको बृहत् आर्थिक विकासमा योगदान पुऱ्याउनुका साथै भारतसँगको व्यापार घाटालाई पनि न्यूनीकरण गर्नेछ। सबै विषय सकारात्मक छन्। पारवहन सम्झौता नवीकरण भएको छ। पारवहनबाहेक अन्य ‘इन्ट्री प्वाइन्ट’हरूको कुरा, चेक प्वाइन्टको कुरा छ। यसलाई हामीले सकारात्मकरूपमा लिएका छौं।

विद्युत्मा अर्बौं लगानी गर्नुपर्ने हुन्छ। कुनै पनि लगानीकर्ताले उसको बजार सुनिश्चित नहुँदासम्म लगानी गर्न सक्दैन। सिद्धान्ततः भारतले नेपालको विद्युत् किन्न स्वीकार गरेको छ। आउँदो १० वर्षभित्र १० हजार मेगावाट बिजुली किन्ने लक्ष्य राखेको छ। उहाँहरूले २५ वर्षसम्म किन्ने प्रत्याभूति दिनुभएको छ। आवश्यकताअनुसार आउने १० वर्षमा बढ्दै जाने सहमति भएको छ। दोस्रो भारतीय ग्रीडलाई प्रयोग गरेर हाम्रो विद्युत् बंगलादेशसम्म पुऱ्याउन भारत सहमत भएको छ। त्यसमा हामीले बंगलादेशसँग पनि कुरा गरेका छौं। बंगलादेश पनि नेपालका लागि भारतजस्तै महत्त्वपूर्ण विद्युत् बजार हो। त्यो फाइदा पनि नेपालले लिनसक्ने अवस्था देखिएको छ।

सीमाको सम्बन्धमा दुवै देशबीचमा लामो समयदेखि सीमासम्बन्धी संयन्त्रले काम गर्दै आएको छ। त्यसमा नक्साको काम पनि भइरहेको छ। सहमति हुन नसकेको स्थानमा कूटनीतिक एवं राजनीतिक तहमा आवश्यक निर्णयमा पुग्नुपर्ने देखिन्छ। यतिञ्जेलसम्म सीमा समस्याका बारेमा नेपालले नै अलि बढी आवाज उठाइरहेको देखिन्थ्यो र त्यो स्वाभाविक पनि थियो। अहिले स्वयं भारतका प्रधानमन्त्रीले पनि नेपालसँगको सीमा र अन्य समस्याका विषयमा भारत समाधान गर्ने दिशामा अगाडि बढ्नेछ भन्नुभएकाले यसले नेपालसँगको सम्बन्धलाई भारतले नयाँ सिराबाट हेर्न खोजेको देखिन्छ। हाम्राबीचमा भएका विवादलाई टुंयाएर दुई देशको मैत्रीपूर्ण सम्बन्धलाई अरु अगाडि बढाउन खोजेको स्पष्ट देखिन्छ।

इपिजी प्रतिवेदन दुवै देशका सरकारबाट गठित प्रबुद्ध व्यक्तिहरूको समितिले तयार गरेको हो। त्यो प्रतिवेदनप्रति हाम्रो नैतिक जवाफदेही हुन सक्दछ। तर, त्यसको कार्यान्वयनको कुरा दुवै देश सहमत नहुँदासम्म सम्भव छैन। त्यसलाई कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सकारात्मक छ। हामीले त्यो प्रतिवेदन पढिसकेका छैनौं। तर, त्यसमा जिम्मेवार बौद्धिक व्यक्तित्वहरू हुनुहुन्छ, त्यसका कारण उहाँहरूले सहमति दिएका कुरामा हामीलाई विश्वास छ। सँगसँगै भारतले त्यसलाई बुझिसकेको अवस्था छैन। भारतले किन बुझेन, कसरी बुझेन भन्ने कुराकाबारेमा पटकपटक नेपालको राजकीय तहमा कुरा भएको छ। उनीहरूले त्यसका बारेमा जवाफ दिनुपर्थ्यो। विगतका सरकार जो बहुमत, दुई तिहाइका सरकार थिए उनीहरूले भारतसँग त्यो बेलामा भएको कुराकानीका बारेमा ‘मेमोरी’ हस्तान्तरण भएको छैन। तर, यसपटक हामीले इपिजी प्रतिवेदनका सम्बन्धमा भारतको दृष्टिकोण आफैं आओस् भन्ने सोच लिएर विवादका लागि विवादमात्रै गर्ने गरेर मुद्दा उठाएनौं।

इपिजी प्रतिवेदन कुनै विवाद होइन, त्यो नैतिक जिम्मेवारीको दस्तावेज हो। दुईवटा देशको सरकारले चाहेर समूह गठन भयो, उनीहरूले प्रतिवेदन दिए, त्यसलाई हामीले पढ्नुपर्छ, पढिसकेपछि जस्ताको तस्तै लागू हुन्छ कि, पुनरवलोकन गर्नुपर्छ त्यसका बारेमा छलफल हुन सक्दछ। तर, हाम्रातर्फबाट सकारात्मक छौं, भारतले त्यसलाई बुझेको छैन, अब इपिजी प्रतिवेदन र सीमाका विषय फरक हुन्। सीमाका विषय संवेदनशील हुन्, नेपालको पनि त्यसमा सरोकार छ। यससम्बन्धमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले स्वयं सकारात्मक जवाफ दिनुभएको छ। यो समस्या धेरै लामो समयसम्म थाँती राख्नुभन्दा पनि समस्या समाधान गर्ने बाटोमा हामी जानुपर्दछ।

कञ्चनपुरको चाँदनी-दोधारामा सुख्खा बन्दरगाहा र एकीकृत जाँचचौकी निर्माण गर्ने कुरामा सहमति भएको छ। डडेलधुराको पर्शुराम क्षेत्र र दार्चुलाको झुलाघाटमा पक्की पुल बनाउने कुरा भएको छ। केही ठाउँमा तुइन विस्थापित गरेर महाकालीमा झोलुंगे पुल बनाउने कुरा गरेका छौं। त्यसका लागि खर्चको हकमा हामी आफैं दिन तयार छौं भनेर स्पष्ट पारेका छौं

धेरै हिसाबले यो भ्रमण ऐतिहासक नै छ। पारवहन सन्धिको नवीकरण गरिएको छ। ऊर्जासम्बन्धी सहमतिमा पुगेका छौं। केही हप्ताभित्रै भारतको ‘क्याबिनेट’ बसेर त्यसलाई अनुमोदन गर्ने विश्वास दिलाउनुभएको छ। विभिन्न सात वटा समझदारीमा हस्ताक्षर भएको छ। प्रधानमन्त्री तहमा विश्वासको वातावरण बढाएको छ।

पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका विषयमा केही मुद्दा छन् भन्ने सबैलाई थाहा छ। हामी महाकाली सन्धिअन्तर्गत पञ्चेश्वर परियोजना अघि बढोस् भन्ने चाहन्छौं। त्यसका लागि सबैभन्दा पहिले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाउन जरुरी छ। तीन महिनामित्र डिपिआर बनाउने र त्यसपछि पानी बाँडफाँटका विषयलाई समाधान गर्दै जाने भन्ने विषयमा छलफल भएको छ।

*(प्रधानमन्त्री पुष्पकमल दाहालसँगै भारत भ्रमणमा रहेका परराष्ट्रमन्त्री साउदसँग भारतको मध्यप्रदेश इन्दौरमा राससका विशेष समाचारदाता रमेश लम्सालले गरेको कुराकानीमा आधारित)*

# भारतबाट ‘एयर रुट’ प्राप्त हुन्छ भन्ने विश्वास छ



▶▶ डा. प्रकाशशरण महत
अर्थमन्त्री

> एयर रूटका सम्बन्धमा भने निर्णयमा पुग्न सकिएन, तर लो अल्टिच्यूडमा उहाँहरु तयार भइसक्नुभएको छ, अन्ततः उहाँहरु हाइ अल्टिच्यूड पनि हुन्छ। एयर कनेक्टिमिटी समझदारी थप ठाउँबाट हुने र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग सहज हुनेमा सहमति बन्छ। यसको आधार भ्रमणले तयार गरेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमण अन्यन्तै सौहार्द्रपूर्ण र उपलब्धिमूलक रहयो। नयाँदिल्ली र मध्यप्रदेशमा अत्यन्त ठूलो सौहार्द्रता र स्वागत भयो। ऊर्जाका क्षेत्रमा महत्त्वपूर्ण समझदारी भएको छ। खास गरेर दीर्घकालमा १० हजार मेगावाटसम्म विद्युत् भारतले किन्ने समझदारी भएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी स्वयंले पनि संयुक्त पत्रकार सम्मेलनमा बोल्नुभएको छ। यसले नेपालको ऊर्जा विकास र समग्र अर्थतन्त्रलाई चलायमान गर्न ठूलो मद्दत गर्छ। भोलिका दिनमा व्यापार घाटा कम गर्न विद्युत् व्यापार कोशेढुंगा सावित हुनेछ। अहिले नेपालको जलविद्युत् क्षेत्रमा लगानी बढिरहेको छ, भारतले पनि दुई ठूला आयोजनामा लगानी गर्ने समझदारी भएको छ। फुकोट कर्णाली र तल्लो अरुणमा लगानी गर्ने निर्णय भएको छ।

यसबाट विद्युत्को उत्पादन बढ्ने र सँगसँगै बजार पनि सुनिश्चित हुनेछ। भोलिका दिनमा विद्युत्को निर्यातबाट ठूलो विदेशी मुद्रा आर्जन गर्ने र व्यापार घाटा कम गर्ने ठूलो सम्भावना छ। सँगसँगै आन्तरिक खपत बढाएर, विद्युतीय सवारीसाधन, विद्युतीय चुलो उपयोग गरेर हरित अर्थतन्त्रलाई बढवा दिन र आयात प्रतिस्थापन गर्ने र विद्युत्को निर्यात बढाउने दुवैमार्फतबाट व्यापार घाटा कम गर्न ठूलो मद्दत हुन्छ। यस्तै बंगलादेशसँग पनि अहिले ५० मेगावाट निर्यात गर्ने सुरुआत भएको छ। त्यहाँ पनि विद्युत् व्यापारको ढोका खोलेको छ।

एयर ‘कनेक्टिभिटी’मा हामीले स्पष्ट कुरा राखेका छौं। भैरहवामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा विमानस्थलमा भारतबाट कनेक्टिभिटी बढोस् भनेका छौं। गौतमबुद्ध विमानस्थलमा एयर रुटका कुरा भएको छ। लो अल्टिच्यूडमा उडान गर्ने साना विमानलाई आउन दिनेमा उहाँहरू सकारात्मक देखिनुभएको छ। हाइ अल्टिच्यूडको पनि रुट प्राप्त हुन्छ भन्ने हामीलाई विश्वास छ।

एयर रुटका सम्बन्धमा भने निर्णयमा पुग्न सकिएन, तर लो अल्टिच्यूडमा उहाँहरू तयार भइसक्नुभएको छ, अन्ततः उहाँहरू हाइ अल्टिच्यूड पनि हुन्छ। एयर कनेक्टिभिटी समझदारी थप ठाउँबाट हुने र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग सहज हुनेमा सहमति बन्छ। यसको आधार भ्रमणले तयार गरेको छ।

भारतसँग भएका समझदारीलाई नकारात्मक कोणबाट हेर्ने प्रवृत्ति पनि छन्। तर, हामीले कामबाट नै ती प्रवृत्तिलाई निरुत्साहित गर्न सक्छौं। हरेक कुरालाई शंकाको दृष्टिकोणबाट मात्रै हेर्नु उपयुक्त हुँदैन। खासगरी भारतसँगको सम्बन्धलाई लिएर बढी शंका गर्ने प्रचलन छ। तर, नेपाल र हामीले राष्ट्रिय स्वार्थ र आवश्यकतालाई मध्यजनर राखेर जुनसुकै देशसँग सम्बन्ध राख्ने हो। भारतसँगको सवालमा पनि नेपालको आवश्यकतालाई केन्द्रबिन्दुमा राखेर सम्बन्ध विकास गर्ने हो। त्यहीअनुसार भएको छ। हरेक विषयलाई शंकाको कोणबाट मात्र हेर्न हुँदैन। सीमामा देखिएको समस्याका विषयमा पनि प्रधानमन्त्री मोदी स्वयंले संयुक्त पत्रकार सम्मेलनमा स्पष्ट ढंगबाट समाधान गर्छौं भन्नुभएको छ। त्यसले पनि थप विश्वास पैदा भएको छ।

बजेटका सम्बन्धमा हरेक खालका टिप्पणी हुने गर्छ। सेयर मार्केटमा के गऱ्यो भन्ने आइरहेको छ। त्यसमा हामीले सेयरमा लागनीकर्तालाई फेरि आयकरमा कर लगाउने भनेको छैन। सेयर कारोबारलाई नै व्यवसाय बनाउनेका लागि ‘रिपोर्ट’ गर्नुहोस्, त्यसमा अझ छुट हुन्छ भनेका हौं। सेयरबजारमा लगानी गरौं, आम्दानी होला भनेर लगानी गर्नुभएको कसैलाई पनि आयकरको दायरामा ल्याइएको छैन भन्ने भ्रम हो।

अन्य करका दर पनि हामीले व्यापारिक घरानालाई फाइदा दिने, कसैलाई बेफाइदा गर्नेभन्दा पनि समग्र अर्थतन्त्रलाई चलायमान गराउने गरेरमात्रै तय गरेका हौं। विद्युतीय सवारीमा कम क्षमता भएकालाई एउटा, बढी क्षमता भएकालाई अलिकति बढी, अझ बढी क्षमता भएकालाई झन् बढी त्यसरी गरेका छौं, कसैलाई पनि अप्ठ्यारो पार्ने गरेर र विद्युतीय सवारीसाधनलाई निरुत्साहित गर्ने गरी केही भएको छैन।

*(प्रधानमन्त्री पुष्पकमल दाहालसँगै भारत भ्रमणमा रहेका अर्थमन्त्री महतसँग भारतको मध्यप्रदेश इन्दौरमा राससका विशेष समाचारदाता रमेश लम्सालले गरेको कुराकानीमा आधारित)*



**श्रमदानमा गर्दै विद्यार्थी** तनहुँको शुक्लागण्डकी नगरपालिका–९ घारीस्थित गौसंरक्षण केन्द्रमा शनिबार सरसफाइका लागि श्रमदान गर्दै गाउँ फर्कोदय माध्यमिक विद्यालयका विद्यार्थी । *तस्बिरः कृष्ण न्यौपाने/ रासस*

# जुम्लामा फैलिएको भाइरल ज्वरो नियन्त्रणमा

**जुम्ला–** जुम्लामा फैलिएको भाइरल ज्वरोको प्रकोप नियन्त्रणमा आएको छ । यहाँ ज्वरोबाट एक जनाको मृत्यु भएको छ भने अरु कयौं बिरामी छन् ।

जिल्लाको विशेषगरी कनकासुन्दरी गाउँपालिका-७ स्थित देयारपाटामा यसको प्रकोप बढी मात्रामा देखिएको थियो । जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका सूचना अधिकारी प्रेमबहादुर सुमाइले सो स्थानका ६१ वर्षीय दिपु उपाध्यायको भाइरल ज्वरोबाट मृत्यु भएको जानकारी दिएका छन् ।

सो क्षेत्रमा भाइरल ज्वरोले ५३ बिरामी परेका र वडाका स्थानीयवासीको उपचारका लागि जनस्वास्थ्य कार्यालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको टोली त्यहाँ पुगेको छ । उपचारपछि अहिले सबैको स्वास्थ्यमा सुधार भइरहेको उनले बताए । उनका अनुसार अहिले ज्वरो नियन्त्रणमा आएको छ । सूचना अधिकारी सुमाइले बिरामी परेका ५३ जनामध्ये आठको अवस्था गम्भीर रहेको र तीमध्येका दुई जनालाई थप उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको छ ।

उपचारपछि स्थानीयवासीको स्वास्थ्यमा सुधार आएको र बिरामीको अवस्था पनि सामान्य बन्दै गएको बताइएको छ । उनीहरूलाई ज्वरो आउनुका साथै आँखा, टाउको र घाँटी दुख्नेजस्ता लक्षण देखापरेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका सूचना अधिकारी सुमाइको भनाइ छ । उक्त वडामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका डा. विशाल रोकायासहित जनस्वास्थ्य कार्यालयका चार जना स्वास्थ्यकर्मी परिचालन गरिएको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाले जनाएको छ ।

कनकासुन्दरीको वडा नं ७ मा ११५ घरधुरी छन् । प्रत्येकको घरघरमै पुगेर स्वास्थ्यकर्मीले उपचार सेवा दिएका कनकासुन्दरी गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । *रासस*

# मनाङमा पदयात्रीलाई सास्ती

**मनाङ–** विश्वका विभिन्न राष्ट्रबाट भ्रमणका लागि आउने पर्यटक अधिकांश हिमाली जिल्ला मनाङ आउने गरेका छन् । विशेषगरी यहाँको सुन्दरता, परम्परागत संस्कार, संस्कृति अवलोकन गर्न तथा यहाँ रमाउन पर्यटक आउने गर्दछन् ।

यहाँ आउने क्रममा भने पर्यटकले सास्ती खेप्नुपरेको छ । मनाङको मेरुदण्ड डुम्रे-बैँसीसहर-चामे सडकखण्डको विस्तार गर्दा पदमार्गकै ट्र्याकमा हुँदा भने समस्या भएको छ । मनाङको यात्रा गर्दा सडक मार्ग र पदमार्ग एउटै हुँदा पदयात्रीले धुलोको सास्ती भोग्नुपर्ने अवस्था छ ।

मनाङका जनप्रतिनिधि र स्थानीयले सडकमार्ग विस्तारसँगै पदमार्गको वैकल्पिक योजना निर्माण गर्नुपर्ने आवाज उठाउँदै आएका छन् । गण्डकी प्रदेशसभा सदस्य मुनिन्द्रजंग गुरुङले सडक र पदमार्ग एउटै हुँदा पर्यटकले सास्ती खेप्नुपरेकाले यसको वैकल्पिक पदमार्ग निर्माण गर्नुपर्ने बताए ।

'सडक र पदमार्गको ट्र्याक एउटै हुँदा पदयात्रीले समस्या भोग्नुपरेको छ, यस्ता समस्या समाधानका लागि प्रदेश सरकारसमक्ष आवाज उठाएका छौं, वैकल्पिक पदमार्ग निर्माणको योजना तय गर्न प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकमा छलफलमा ल्याउनेछौं,' प्रदेशसभा सदस्य गुरुङले भने । वैकल्पिक पदमार्ग निर्माण गर्नसके पदयात्रीले धुलो र सवारीसाधनको सास्ती खेप्नुपर्ने समस्या हट्ने उनको भनाइ छ ।

मनाङमा वार्षिक ३५ देखि ४० हजार बाह्य पर्यटक भित्रिने र त्यसमाथि पदमार्गकै माध्यम अपनाउने भएकाले यसको वैकल्पिक योजना बनाउन आवश्यक रहेको उनले बताए । 'मनाङ पर्यटकको 'हब' भएकाले सहज बनाउने कार्यमा पनि जोड दिनुपर्छ,' उनले भने, 'विकास निर्माण पनि हुनुपर्छ, राष्ट्रकै राजस्व वृद्धिमा सहयोग पुऱ्याउने क्षेत्रको संरक्षणमा सरकारलाई ध्यानाकर्षण गराउनु हाम्रो कर्तव्य हो ।'



देशकै गहनाका रूपमा रहेका हिमाल र अन्नपूर्ण पदमार्गमा पर्यटकको आकर्षण सदा उस्तै बनाउनु सबैको जिम्मेवारी भएकाले सचेत हुनुपर्ने उनको भनाइ छ । अन्नपूर्ण पदमार्ग विश्वकै दसौं स्थानमा पर्दछ । यस पदमार्गलाई जोखिमयुक्तसमेत मानिन्छ । साहसिक पर्यटक भने यस मार्गको यात्रामा रमाउने गरेका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइका प्रमुख लेखनाथ गौतमले सरकारले जोखिमयुक्त मनाङ भ्रमणमा आउने पर्यटकले अनिवार्यरूपमा पथ प्रदर्शक ल्याउनुपर्ने प्रावधानले सूचना प्राप्त गर्न सहज भएको बताए । 'जोखिमयुक्त पदमार्गमा यात्रा गर्दा पर्यटक एक्लै यात्रामा जाँदा बिरामी पर्ने, हराउने र जोखिम क्षेत्रमा खोजी कार्य गर्न समस्या भएपछि नेपाल सरकारले 'गाइड' विनायात्रामा जान रोक लगाएको छ, अहिले गाइड लिएरमात्रै पर्यटक आउने वा यात्रा गर्ने गरेका छन्,' उनले भने, 'यो प्रावधानले हामीलाई पनि सहज भएको छ ।' पर्यटक वृद्धि हुँदा मनाङको आयस्तरसमेत वृद्धि हुने गरेको छ ।

पर्यटक हिमाल तथा पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नुका साथै मनाङबाट थोराङ्लापास गरी मुस्ताङ कोही पोखरा जान अन्नपूर्ण पदमार्गमा आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङको बैँसीसहर नगरपालिका-७ मनाङ्गे चौतारामा रहेको छ ।

अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्ला जोडिएका छन् । काठमाडौंदेखि बैँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन् । पदमार्गमार्फत पर्यटक मनाङका विभिन्न स्थानको अवलोकनसहित यात्रामा जाने गरेका छन् । यहाँ भित्रिने पर्यटकलाई सहज बनाउन र आकर्षित गरिरहन वैकल्पिक पदमार्ग बनाउनसकेमा पर्यटकले अझ सुरक्षित तवरबाट मनाङको यात्रा गर्न पाउने छन् । *रासस*

# पोखरा हङकङ बजारका व्यवसायी आन्दोलनमा

■ प्रभाव संवाददाता

**कास्की–** पोखराको पृथ्वीचोकस्थित पोखरा हङकङ बजारका व्यवसायीहरू आन्दोलित भएका छन् । यहाँ व्यापार व्यवसाय गर्दै आएका व्यवसायीहरू आफूलाई सरकारले विस्थापित गर्न लागेको भन्दै आन्दोलित भएका हुन् ।

सरकारी स्वामित्वको कृषि सामग्री कम्पनी लिमिटेडले आफ्नो स्वामित्वको उक्त जग्गा न्यूनतम मासिक १२ लाख १५ हजार रूपैयाँ भाडामा दिन सिलबन्दी बोलपत्र आह्वान गरेपछि व्यापारीहरू आन्दोलित भएको हङकङ बजार व्यवस्थापन समितिका सहसचिव ठाकुर लामिछानेले बताए । सात रोपनी क्षेत्रफलमा फैलिएको यो जग्गा यसअघि भाडामा लिई बजार सञ्चालन गरिरहेका नन्दप्रसाद तिवारीका छोरा मिलनप्रसाद तिवारीले लिमिटेडलाई मासिक दुई लाख २४ हजार ५१० रूपैयाँ तिर्दै आएको उनले बताए । तिवारीसँगको करार अवधि सकिएपछि नयाँ करारका लागि गएको चैत २१ गते गोरखापत्र दैनिकमा ३१ दिने अवधिको बोलपत्रको सुचना कृषि सामग्री कम्पनी लिमिटेडले आह्वान गरेको थियो ।

काठमाडौंस्थित कुलेश्वरमा रहेको लिमिटेडको केन्द्रीय कार्यालयलाई समितिले एक पत्र लेखी आह्वान गरिएको टेण्डरले व्यवसायी विस्थापित हुने जनाउँदै त्यसलाई खारेज गर्न माग गरेका छन् । लिमिटेडको प्रादेशिक कार्यालय, पोखरा महानगरपालिका कार्यालय वा समिति स्वयंमार्फत




बिचौलियाविना प्रत्यक्ष बजार सञ्चालन हुनुपर्ने र भाडा पनि न्यायोचित हुनुपर्ने समितिको माग छ । आफूहरू भाडा तिर्न तयार रहेको तर बोलपत्रमार्फत नयाँ बिचौलिया प्रवेश गराइए पुनः फुटपाथमै फर्कन बाध्य हुने समितिको भनाइ छ । आफूहरूको माग सम्बोधन नभए संघर्षका कार्यक्रममा उत्रने समितिकी अध्यक्ष कृष्णकुमारी गुरुङले चेतावनी दिइन् । यस विषयमा समितिले विभिन्न १५ वटा सरकारी तथा गैरसरकारी संस्थामा बोधार्थ बुझाइसकेको उनले जानकारी दिइन् ।

शिलबन्दी बोलपत्र आह्वान गरिएपछि साना व्यापारी निराश र आतंकित भएको व्यवसायी बताउँछन् । साना व्यावसायीहरूले साविक न्यूनतम भाडासमेत तिर्न नसकेको कारण कैयौं व्यावसायी विस्थापित भइसकेको अवस्थामा भाडा वृद्धिले व्यापारीहरूमाथि ठूलो अन्याय हुने समितिका संस्थापक अध्यक्ष दीलिप सुनारले बताए । हङकङ बजारमा व्यवसायीले उपभोक्तालाई पोखराका अन्य पसल र बजारको दररेट भन्दा सस्तोमा वस्तु तथा सेवा उपलब्ध गराउँदै आएको समितिको भनाइ छ ।

पोखरा महानगर क्षेत्रभित्र छरिएर रहेका फुटपाथ व्यवसायीहरूलाई व्यवस्थित गर्ने प्रयास स्वरूप २०६५ फागुन १० र १५ गते महानगरको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा उद्योग वाणिज्य संघ, विभिन्न सुरक्षा निकाय, कास्की जिल्लामा क्रियाशील राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारवादी विभिन्न संघसंस्था, फुटपाथ व्यवसायीका प्रतिनिधिलगायतको रोहवरमा बैठक बसी उल्लेखित जग्गामा बजार सञ्चालन सुरु भएको हो । उक्त जग्गामा हाल ३१० स्टल र उक्त जग्गासँगै रहेको उत्तरतर्फको पोखरा उपत्यका नगर विकास समितिको करिब तीन रोपनी जग्गामा ५३ स्टल गरी १० रोपनी जग्गामा बजार सञ्चालन हुँदै आएको समितिका संरक्षक राजकुमार सुवेदीले बताए ।

# झुलाघाटमा पक्की पुल बन्ने निर्णयले बैतडीमा खुसियाली

**बैतडी–** भारतसँग सीमा जोडिएको बैतडीको झुलाघाट नाकामा मोटरेबल पुल निर्माण हुने आशा पलाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका क्रममा नयाँदिल्लीमा भएको संयुक्त पत्रकार सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले झुलाघाट नाकामा मोटरेबल पुल निर्माण गरिने बताएपछि यहाँका नागरिकमा आशा पलाएको हो ।

नेपालको सुदूरपश्चिम क्षेत्रको कनेक्टिभिटीलाई बढाउन बैतडीको झुलाघाट र डडेलधुराको शीर्षमा मोटरेबल पुल निर्माण हुने भारतीय प्रधानमन्त्री मोदीले बताएका थिए । भारतीय प्रधानमन्त्री मोदीले झुलाघाटमा मोटरेबल पुल बनाउने कुरा बताएपछि यहाँका नागरिक खुसी भएका छन् ।

वर्षौं पुरानो जीर्ण बनेको झोलुंगे पुलबाट जोखिमपूर्ण आवतजावत गर्न बाध्य यस क्षेत्रका नागरिक मोटरेबल पुल बनाउने कुरामा भारतीय प्रधानमन्त्री मोदीले गरेपछि खुसियाली छाएको छ । यहाँ मोटरेबल पुल बनेपछि दुवै देशको आर्थिक गतिविधिमा टेवा पुग्ने उद्योग वाणिज्य संघका उपाध्यक्ष खिमानन्द भट्टले बताए । उनले भने, 'आफूहरूले लामो समयदेखि उठाउँदै आएको माग पूरा हुने आशा पलाएको छ । यो निकै खुसीको कुरा पनि हो । मोटरेबल पुल निर्माण भएमा दुवै देशमा आर्थिक गतिविधिमा वृद्धि पनि हुन्छ ।'

मोटरेबल पुल निर्माणपछि आर्थिक वृद्धिका साथसाथै धार्मिक पर्यटन भित्रचाउन पनि सहज हुने संघका उपाध्यक्ष भट्टको भनाइ छ । उनले भने, 'यसअघि सीमा क्षेत्रमा मोटरेबल पुल नहुँदा पर्यटक भित्रचाउन असहज हुने गरेकामा पुल निर्माण भएमा भारतीय दर्शनार्थीलाई नेपालका धामको दर्शन गर्न सहज हुनेछ ।'

बैतडीमा त्रिपुरासुन्दरी, निंगलाशैनी, मेलौली भगवती, रौलाकेदार, दोगडाधाम, ग्वाल्लेककेदार, पतालभुवनेश्वर धामलगायत धार्मिक तथा पर्यटकीयस्थल छन् । पुल निर्माणपछि यस क्षेत्रमा पर्यटकीय चहलपहल हुने स्थानीय महेशदत्त भट्टले बताए । उनले भने, 'मोटरेबल पुल निर्माणपछि यहाँका धार्मिक तथा पर्यटकीय क्षेत्रमा पर्यटकको चहलपहल बढ्ने विश्वास छ ।'

नाकामा मोटरेबल पुल निर्माण भएमा बैतडीमात्रै नभएर सुदूरपश्चिम क्षेत्रको आर्थिक गतिविधिमा सुधार आउने र दुई देशका व्यापारिक सम्बन्ध पनि विस्तार हुने विश्वास गरिएको छ । पुल निर्माण भएमा दुवै देशका सीमावर्ती क्षेत्रका नागरिकका बीच पारिवारिक र सामाजिक सम्बन्ध पनि बलियो हुने दशरथचन्द नगरपालिकाकी उपप्रमुख कौशिला चन्दले बताइन् । उनले भने, 'भारतसँग रोटीबेटीको सम्बन्ध रहँदै आएकामा पुल निर्माणपछि यो सम्बन्ध अझै प्रगाढ हुनेछ ।'

मोटरेबल पुल बन्ने कुरा छिट्टै कार्यान्वयनमा आउनुपर्नेमा जोड दिइएको छ । झुलाघाट नाकामा अहिले झण्डै सयौं वर्ष पुरानो झोलुंगे पुलबाट आवतजावत भइरहेको छ । उक्त नाकामा मोटरेबल पुल निर्माणका लागि सन् २००६ देखि नै चर्चा सुरु गरिए पनि बल्ल आएर पुल निर्माणको काम अघि बढ्ने संकेत देखिएको हो ।

झोलुंगे पुल रहेको क्षेत्रमा १०५ मिटर लामो मोटरेबल पुल बनाउने योजना रहेकामा पञ्चेश्वर परियोजनाको डुबान क्षेत्रमा पर्ने भन्दै काम अगाडि बढ्न सकेको थिएन । झुलाघाट नाकामा मोटरेबल पुल निर्माणको माग गर्दै यहाँ एक महिनासम्म अनसन गरिनुका साथै बैतडी उद्योग वाणिज्य संघले सरकारलाई हस्ताक्षरसमेत बुझाएको थियो ।

जिल्ला भ्रमण गर्ने नेपालका शीर्ष नेताहरूले पनि झुलाघाट नाकामा पुल बनाउन पहल गर्ने बताउँदै आएका थिए । गत मंसिरमा सम्पन्न निर्वाचनमासमेत यहाँका प्रमुख राजनीतिक दलले झुलाघाटमा मोटरेबल पुल निर्माणको कुरालाई आफ्नो चुनावी एजेण्डामा राखेका थिए । *रासस*


बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तिगौडा, काठमाडौं
बागमती प्रदेश

प्रकाशित मितिः २०८०/०२/२१

बोलपत्र मूल्यांकन स्वीकृत गर्ने आशयको सूचना ।

यस कार्यालयको राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपसिल सामाग्री खरिदहरुको मूल्यांकन गर्दा तपसिलका बोलपत्र न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।

| सि.नं | ठेक्काको नाम / ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क बाहेक) |
|---|---|---|---|
| १. | The Procurement of Essential Medicinal Items / NCB/BNP/GW/079_080/08 | Candela Medi concern, Kalanki-14, Kathmandu | 16,16,354.00 |
| २. | The Procurement of Essential Surgical Items / NCB/BNP/GW/079_080/09 | Dalima Medisales, Babarmahal, Kathmandu | 12,86,175.00 |




## भारतीय अभिनेत्री भाग्यश्री नेपालमा

राजधानीमा आयोजना हुने एक समारोहमा सहभागी हुन् भारतीय अभिनेत्री भाग्यश्री नेपाल आएका छन् । त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले नेपाल आउँदा खुसी लागेको प्रतिक्रिया दिइन् । 'म नेपाल पहिले पनि आएकी थिएँ, मैले कुनै चाडपर्वको समयमा सपरिवार यहाँ आउने सोच बनाएकी छु', उनले भनिन्, 'मेरा चलचित्र आइरहेका छन्, हेर्नुस् र माया गरिदिनुस् ।' उक्त समारोहमा सहभागी हुन भारतीय कलाकार रञ्जीन, विन्दु दाह्रा सिंह, कमेडियन ध्वनी पवारलगायत नेपाल आइसकेका छन् । भारतको प्रतिष्ठित अवार्ड 'क्याप्टिभेटिङ क्रियसन अवार्ड'मा सहभागी हुन उनीहरू नेपाल आएका हुन् । यो अवार्डको छैटौं संस्करण हो । यसअघि भारतमा आयोजना भएको अवार्ड समारोह यसपटक भने नेपालमा आयोजना हुँदैछ ।



# चटौतको अभिनन्दन ग्रन्थ लोकार्पण




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली वाङ्मयका अथक साधक भाषासेवी प्राज्ञ आरडी प्रभास चटौतबारे लेखिएको 'आरडी प्रभास चटौत अभिनन्दन ग्रन्थ' लोकार्पण गरिएको छ । एनडी प्रकास चटौत स्मृति प्रतिष्ठानद्वारा आज यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगर र वरिष्ठ साहित्यकारले संयुक्तरूपमा उक्त कृति सार्वजनिक गरेका हुन् ।

पुस्तकमा नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा चटौतले पुऱ्याएको योगदान र व्यक्तित्वबारे समाजका विभिन्न विधामा ख्याति कमाउनुभएका विद्वान विदुषिका धारणा समेटिएको छ । पुस्तकमा वरिष्ठ कवि एवं साहित्यकार केदारनाथ व्यथित, माधवप्रसाद घिमिरे, मोहन कोइराला, इश्वर बल्लभ, चूडामणि बन्धु, तारानाथ शर्मा, भुवन ढुङगाना, प्राध्यापक आनन्ददेव भट्ट, प्रा डा खगेन्द्र लुइँटेल, प्रा डा माधवप्रसाद पोखरेल, प्रा महादेव अवस्थी, सिद्धिचरण श्रेष्ठ, प्रा शिवगोपाल रिसाल, सूर्यविक्रम ज्ञावली र रमा शर्माबाट विभिन्न अवसरमा प्रदान गर्नुभएको शुभकामना सन्देश तथा धारणा समावेश छन् ।

विसं २००६ बाट नेपाली साहित्यको उन्नयनमा निरन्तर अतुलनीय योगदान दिँदै आएका श्रष्टा चटौत ८८ वर्ष प्रवेश गरेकोले उनलाई कार्यक्रममा अभिनन्दनसमेत गरियो । पुस्तकमा उनले सुदूरपश्चिमको डोटी क्षेत्रका चारपुस्ता अघिदेखिका भाषा, साहित्य र संस्कृतिसम्बन्धी सङ्कलन गरिएका तथ्य एवं तथ्यांक प्रस्तुत गरेका छन् ।

डा पुष्पराज भट्ट प्रधान सम्पादक रहेको उक्त कृतिमा एक सय ७८ लेख समेटिएका छन् । पुस्तक लोकार्पण गर्दै आयोगका अध्यक्ष मगरले अहिलेको भौतिकवादी संसारमा हराइरहेका भाषा, साहित्य, संस्कृति र शब्दको कसरी जगेर्ना गर्नुपर्छ भन्ने सन्देश पुस्तकबाट प्राप्त भएको बताए ।

उनले भने, 'कवि र साहित्यकारले आफूले चाहेअनुसारको काव्य संसार निर्माण गर्छन, आध्यात्मले पुन:जीवनको कल्पना गरे पनि विज्ञानवादीले पुन:जीवनलाई स्वीकार्दैन ।'. वरिष्ठ साहित्यकार तुलसी दिवसले चटौतले डोटेली भाषालाई अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन तथा दुर्गम क्षेत्रमा रही नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा अतुलनीय योगदान पुऱ्याएको चर्चा गरे ।

उनले भने, 'नेपालको इतिहास शासकको मात्र छ, शासित र विभिन्न जातजातीको पनि इतिहास लेखिनुपर्छ, स्थान विशेषका कला, साहित्य र संस्कृतिलाई उजागर गर्ने पाटोमा सबैबाट योगदान हुनुपर्छ ।' नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति गङ्गाप्रसाद उप्रेतीले आरडी चटौतले नेपाली वाङ्मयको विकास र विस्तार एवं गुणस्तरीय तुल्याउने विषयमा इतिहास रचेको बताए ।

प्रतिष्ठानका पूर्वकूलपति वैरागी काइलाले एक देश, एक भाषाको लहर चलिरहेका बेला श्रष्टा चटौतले मातृभाषाप्रतिको चिन्ता र जागरणले डोटेली भाषालाई सुगम बनाउने कार्यमा ठूलो योगदान भएको बताए ।

पुस्तकका लेखक चटौतले शारीरिक अवस्था र स्वास्थ्यले निकै चुनौती खडा गरिहेको अवस्थामा पुस्तकलाई निष्कर्षमा पुऱ्याउने हुटुहुटीले सफलता पाएकामा निकै हर्ष व्यक्त गरे । एनडी प्रकाशन स्मृति प्रतिष्ठान महेन्द्रनगर प्रकाशक रहेको उक्त कृति सात सय ७८ पृष्ठको छ भने मूल्य रु नौ सय ९९ रहेको छ ।

# ५१ दिनमा 'जारी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** लिम्बू समुदायको संस्कृतिलाई विषयवस्तु बनाइएको चलचित्र 'जारी' प्रदर्शनको एकाउन्न दिन पूरा भएको छ । श्रीमती फिर्ता ल्याउन सङ्घर्षरत श्रीमान्को कथा प्रस्तुत गरिएको जारी प्रथासँग सम्बन्धित चलचित्रलाई कवि/कथाकार उपेन्द्र सुब्बा निर्देशन गरेका हुन् ।

चलचित्रले काठमाडौं उपत्यकासँगै मोफसलको सहर बुटवल, नेपालगञ्ज, नारायणघाट र विर्तामोडमा प्रदर्शनको एकाउन्न दिन पूरा गरेको हो । चलचित्रका कार्यकारी निर्माता मणिराम पोखरेलले यो खुसी शब्दमा व्यक्त गर्न नसकिने बताए । 'वर्षकै पहिलो एकाउन्न दिन पूरा गर्ने चलचित्र बन्यो । अहिले चलचित्र भवनको संख्या बढेको समयमा यो सफलता विरलै हो । पर्दामा समुदायको संस्कृतिलाई दर्शकले रुचाउनुभयो', उनले भने ।




चलचित्रले शुक्रबारसम्म १४ करोड २१ लाख २३ हजार छ सय ७८ रूपैयाँको विशुद्ध (कर कट्टा गरिएको नेट कलेक्सन) व्यापार गरेको चलचित्र विकास बोर्डको विवरणमा उल्लेख छ । 'कब्बडी'का शृफ्लामार्फत लेखनमा सक्रिय निर्देशक सुब्बाले आफ्नो समुदायको कथा भन्नुपर्छ भन्ने लागेपछि चलचित्र निर्देशन बताए ।

'महिला आँटिला र साहासिला हुन्छन् । स्वाभिमानी छन् र आत्मसम्मान चाहन्छन्, श्रीमती भए भन्दैमा सम्मानविना बस्दैनन्', निर्देशक सुब्बाले भने । महिलालाई आफ्नो जीवनसाथी छनोट गर्ने आत्म निर्णयको सुविधा लिम्बूवानमा रहनुको अर्थ दोस्रो बिहे गर्छन् भन्ने नबुझ्न आग्रहसमेत गरे ।

'लिम्बू समुदायमा बिहेमा पतिले वचनका साथ सिक्का (युप्पारुङ) दिइने चलनमा आधारित छ । त्यो युप्पारुङमा चेलीको आत्मनिर्णयको अधिकार समाहित हुन्छ', निर्देशक सुब्बाले भने । यसमा दयाहाङ राई, मिरुना मगर, विजय बराल, प्रेम सुब्बा, अनिल सुब्बा, रोयदीप, रेखा लिम्बू, कमलमणि नेपाल, पुष्कर गुरुङलगायतले अभिनय गरेका छन् ।

# 'ह्यासटयाग माया'को छायांकन सुरु

**काठमाडौं (प्रस)–** चलचित्र 'ह्यासट्याग माया' (३माया) को छायांकन बर्दियाबाट सुरु भएको छ । लुम्बिनी प्रदेशको बर्दिया राष्ट्रिय निकुञ्जमा पहिलो दिन केही दृश्यलाई खिच्दै चलचित्रको छायांकन सुरु गरिएको हो ।

थ्रिलर विधामा निर्माण हुने चलचित्रको बर्दिया सेड्युल चौध दिनको तय गरिएको छ । चलचित्रको छायांकन बर्दियाकै आसपासमा गरिने कार्यकारी निर्माता अनुप पौडेलले जानकारी दिए ।

'नेपालको सुन्दरतालाई पर्दामा ल्याउने कोसिस हाम्रो रहनेछ । यसका साथै बर्दियाको सेटअप पात्रलाई सुहाउँदो पनि छ । यहाँ दुई साता छायांकन गर्ने सेड्युल तय गरेका छौं', अनुपले भने । यसै चलचित्रमार्फत निर्देशनमा डेब्यु गरेका निर्देशक राजिव गुरुङले पहिलो दिनको काम राम्रो भएको जानकारी दिए । 'हामीले तय गरेको सेड्युलअनुसार नै काम भइरहेको छ । थ्रिलरमा मनोरञ्जक चलचित्र तयार हुनेछ । हामी प्रस्तुतीसँगै अन्य विषयमा ध्यान दिईरहेका छौं', निर्देशक गुरुङले भने ।

चलचित्रमा नम्रता श्रेष्ठ, सारूक ताम्राकार, रोय श्रेष्ठ, निकिता आचार्य, केनिपा सिंह, सुदाम सिके लगायतको अभिनय रहेको छ । यसको छायांकन काठमाडौं २० दिन र धरानमा ५ दिन समेत गरिनेछ । शर्मिला थापाको निर्माण रहेको चलचित्रको कथा मायामै केन्द्रित छ । यसमा शिर्ष भूमिका निर्वाह गरेकी अभिनेत्री श्रेष्ठले एरियल योगा प्रशिक्षकको चरित्र निर्वाह गर्न प्रशिक्षणसमेत लिएकी थिइन् । नेपाली कलाकारमा चरित्र निर्माणका लागि यत्तिकै मेहनत गर्नेको संख्या निकै कम छ ।

'चरित्रलाई जीवन्त बनाउन समय दिएकी हुँ । पर्दामा देखिदा फिक्का नदेखियोस् भन्ने मेरो प्रयाश हरेक चलचित्रमा रहन्छ । यो चलचित्रलाई लिएर निकै उत्साहित छु । केही नयाँ गर्ने प्रयास गर्दैछौं',अभिनेत्री नम्रताले भनिन् । रे भेन्चर्स प्राइभेट लिमिटेडको ब्यानरमा निर्माण भईरहेको चलचित्रमा निर्देशक गुरुङ र आशुतोष श्रेष्ठको लेखन, उज्वल जोशीको छायांकन निर्देशन, रेलिजा श्रेष्ठको कला निर्देशन, कृति जोशीको शृंगार रहेको छ । यसमा कार्यकारी निर्मातामा अनुप पौडेल, कास्टिङ निर्देशकमा अर्जुन न्यौपाने, प्रोडक्सन म्यानेजरमा अरुण रेग्मी र दीलिप पन्त रहेका छन् ।



**टी-२० महिला क्रिकेट**

# मलेसियासँग नेपाल पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं-** घरेलु टोली मलेसियाले चौथो महिला अन्तर्राष्ट्रिय खेलमा नेपाललाई पराजित गरेको छ ।

शनिबार सम्पन्न खेलमा घरेलु टोलीले ४ विकेटको जित दर्ता गरेको हो । जितसँगै मलेसियाले पाँच खेलको सिरिजमा २-२ को बराबरी गरेको छ ।

नेपालले दिएको ९७ रनको लक्ष्य मलेसियाले निर्धारित २० ओभरको अन्तिम बलमा ६ विकेट गुमाएर पूरा गर्यो । मलेसियाका लागि विनिफ्रेड दुराईसिंघमले ५२ बलमा ३८ रन बनाईन् । महिराह इज्जाती इस्माइलले २६ बलमा १६ रन बनाउँदा कप्तान मास इल्साले १८ बलमा १३ रन बनाईन् ।

नेपालका लागि कप्तान रुविना क्षेत्री, कविता कुँवर, कविता जोशी र सीता रानामगरले समान १/१ विकेट लिईन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको पाहुना टोली नेपालले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ९६ रन बनाएको हो ।

पाहुना टोली नेपालका लागि इन्दु बर्माले ३१ बलमा ३ चौकाको सहयोगमा ३२ रन बनाईन् ।

सुरुआत राम्रो हुन नसकेको नेपालले पावर प्लेमा १३ रन बनाउँदा २ महत्वपूर्ण विकेट गुमाएको थियो ।

इन्दु बर्मा र बिन्दु रावलले छैटौं विकेटका लागि ३५ रनको साझेदारी गरेसँगै नेपाल सम्मानजनक योगफलतर्फ गएको थियो । बिन्दु रावलले २६ बलमा २४ रन बनाईन् । सातौं विकेटका लागि रावलले कविता कुवँरसँग १८ रनको साझेदारी गरिन् ।

कविता १२ रनमा अविजित रहिन् । कविता, रावल र बर्मा बाहेक अन्य नेपाली ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । घरेलु टोलीका लागि विनिफ्रेड दुराईसिंघमले ३ तथा एसा इलिसा र महिराह इज्जाती इस्माइलले समान १/१ विकेट लिए।

पाँच खेलको टी-ट्वान्टी अन्तर्राष्ट्रिय सिरिजमा नेपाल २-१ को अग्रतामा छ । नेपाल पहिलो खेलमा ५ विकेटले पराजित भएको थियो । दोस्रो खेलमा नेपाल ७ विकेटले विजयी भएको थियो ।

तेस्रो खेलमा नेपालले २७ रनको जित दर्ता गरेको थियो । मलेसियासँग २१ गते नेपालले पाँचौं तथा अन्तिम खेल खेल्नेछ ।

**एसपिए सुदूरपश्चिम स्पोर्टस अवार्ड**

# दुई विधाका मनोनयन सार्वजनिक

■ प्रभाव संवाददाता

**धनगढी–** धनगढीमा हुने चौथो एसपिए सुदूरपश्चिम स्पोर्टस अवार्डको दुई विधाको मनोनयन सार्वजनिक भएको छ । सुदुरपश्चिमाञ्चल एकेडेमीको मुख्य प्रायोजनमा हुने अवार्डको सुदुरपश्चिम आईकन पुरुष र सुदुरपश्चिम आईकन महिला विधाको मनोनयन सार्वजनिक गरिएको हो ।

आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले आज धनगढीमा पत्रकार सम्मेलन गर्दै सुदुरपश्चिम प्रदेशको प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा पदक विजेता खेलाडीहरूलाई समेटेर मनोनय सार्वजनिक गरेको छ ।




असार ८ गते धनगढीमा हुने चौथो संस्करणको एसपिए सुदुरपश्चिम स्पोर्टस अवार्डको माया मेट्रो हस्पिटल सुदुरपश्चिम आईकन पुरुष विधामा फेन्सिङका जलेन्द्र शाही, कराँतेका आनन्द कामी र फुटबलका जियारत सेख मनोनयनमा परेका छन् । शाहीले ९ औं राष्ट्रिय खेलकुदमा सुदुरपश्चिमलाई पहिलो स्वर्ण पदक जिताएका थिए । फेन्सिङमा सुदुरपश्चिमलाई उनले पहिलो पटक स्वर्ण पदक जिताएका हुन् । उनले नै पहिलो पटक फेन्सिङ सिकाएका खेलाडीहरूले पहिलो सहभागीतामा सुदुरपश्चिमलाई दुई कास्य पदक समेत जिताएका थिए ।

आनन्दले पनि ९ औं राष्ट्रिय खेलकुदमा कराँते तर्फ ५० किलो तौल समुहमा स्वर्ण जितेका थिए । सुदुरपश्चिमलाई कराँतेमा स्वर्ण पदक दिलाउने उनी एक्ला खेलाडी हुन । उनले प्रशिक्षण दिएका दुई जना खेलाडीले राष्ट्रपति रनिङ सिल्डमा पनि दुई कास्य पदक जितेका थिए । कामीले भारतमा भएको ईण्डो नेपाल च्याम्पीयनसीपमा पनि स्वर्ण जितेका थिए ।

जियारतले उमेर समुहमा नेपाली पुरुष टीममा सहभागीता जनाउँदै २० बर्ष मुनिको साफ च्याम्पीयनसीपमा उपविजेता बनेको टोलीका सदस्य हुन् । उनले खुमलटार युवा क्लबलाई ए डिभिजनमा पुराउनका लागि पनि उत्कृष्ट प्रदर्शन गरेका थिए । मनाङ मस्याङ्दी क्लबबाट व्यवसायिक ए डिभिजन लिग खेलिरहेका उनी गत बर्ष भएको यस्तै तिलोत्तमा गोल्डकपको उत्कृष्ट गोलरक्षक समेत भएका थिए । उनले एफसी यु २० छनोटमा नेपाली टीमको प्रतिनिधित्व गर्दै सहभागीता जनाएका थिए ।

न्यु सिटी पोलिक्लिनिक सुदुरपश्चिम आईकन महिलामा कुस्तीकी मनिषा सिंह, फुटबलकी दिपा रोकाया र क्रिकेटकी कविा कुँवर मनोनयनमा परेकी छिन् । मनिषाले ९ औं राष्ट्रिय खेलकुदमा सुदुरपश्चिमलाई कुस्तीमा ५३ किलो तौल समुहमा स्वर्ण पदक दिलाएकी थिइन । उनले एसियन छनोट प्रतियोगितामा पनि स्वर्ण हात पारेकी थिइन् । कविताले सुदुरपश्चिमलाई प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको च्याम्पीयन बनाउन उत्कृष्ट प्रदर्शन गरेकी थिइन् । उनी प्रतियोगिताको सर्वोकृष्ट खेलाडी बनेकी थिइन् । यस्तै मेयर कप र नेपाली महिला क्रिकेट टीमबाट सहभागीता जनाउँदै खेल खेलेकी थिइन् ।

असार ८ गते हुने 'चौथो एसपिए सुदूरपश्चिम स्पोर्टस अवार्ड २०७९' लाई सुदूरपश्चिमाञ्चल एकेडेमीले मुख्य प्रायोजन गरेको छ । मुख्य सह प्रायोजकमा धनगढीको स्वस्तिक अस्पताल रहेको छ । चौथो संस्करणको 'एसपीए सुदूरपश्चिम स्पोर्टस अवार्ड २०७९' मार्फत वर्ष २०७९ मा उच्च प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सफल खेलाडी र प्रशिक्षक गरी विभिन्न ८ विधामा अवार्ड प्रदान गरिने छ । उत्कृष्ट खेलाडी पुरुष र महिला, उत्कृष्ट प्रशिक्षक, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड, लाइफ टाइम एचिभमेन्ट अवार्ड, सुदूरपश्चिम आइकन महिला र पुरुष विधामा अवार्ड प्रदान गरिने भएको हो ।

उत्कृष्ट खेलाडी पुरुष र महिला विधाका विजेतालाई ३५/३५ हजार, उत्कृष्ट प्रशिक्षकलाई ३० हजार, वर्ष युवा खेलाडी, स्पेसल अवार्ड र लाइफटाईम एचिभमेन्ट अवार्डका विजेतालाई २५/२५ हजार नगदबाट पुरस्कृत गरिने आयोजक नेपाल खेलकुद पत्रकार मञ्च कैलालीले जनाएको छ ।

यस्तै सुदूरपश्चिम आईकन महिला र पुरुष विधाका विजेतालाई नगद २० हजार सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । अवार्डको चौथो संस्करणको तयारी तीव्र रूपमा भइरहेको छ । प्रायोजक प्रर्वद्धकहरूको खोजी गर्दै अवार्डको तयारी अघि बढेको छ । अवार्डमा सुदुरपश्चिम आईकन पुरुष विधालाई माया मेट्रो हस्पिटल र सुदुरपश्चिम आईकन महिला विधालाई सिटी पोलिक्लिनिकले प्रायोजन गरेको छ ।



हंगेरीको लोक नृत्य | बुडापेस्टमा हंगेरीको राष्ट्रिय एकता दिवस मनाउन आयोजित समारोहमा लोक नृत्य प्रस्तुत गर्दै कलाकारहरू । *तस्बिरः सिन्ह्वा*

# चीनको नवीकरणीय ऊर्जा सवारी साधन बिक्री ८२ प्रतिशतले बढ्यो

**बेइजिङ-** चीनमा नवीकरणीय ऊर्जा सवारीसाधनको खुद्रा बिक्री मे महिनामा वार्षिकरूपमा ८२ प्रतिशतले बढेको पाइएको छ । चाइना प्यासेन्जर कार एसोसिएसनको पछिल्लो तथ्यांकले सो विवरण देखाएको छ ।

विवरणअनुसार मे १ देखि २८ सम्मको अवधिमा चीनमा कुल चार लाख ८३ हजार वटा त्यस्ता सवारीसाधन बिक्री भएको थियो ।

यसैबीच, यात्रुवाहक सवारीसाधनको खुद्रा बिक्री वार्षिक दुई प्रतिशतले बढेर ७.२९ मिलियन युनिट पुगेको छ । सिपिसिएले मुख्यतयाः मे दिवसको बिदाको समयमा बिक्री प्रवर्द्धन, केन्द्र र



स्थानीय सरकारद्वारा ल्याइएका उपभोग अनुदान नीतिलाई प्रश्रय दिएको छ । *रासस/सिन्ह्वा*

## भारतको उडिशामा रेल दुर्घटना

# २६१ जनाको मृत्यु, ९०० भन्दा बढी घाइते



**बालासोर (उडिशा)-** भारतको उडिशा राज्यमा शुक्रबार बिहान भएको दुर्घटनामा मृत्यु हुनेको संख्या २६१ पुगेको छ । उक्त दुर्घटनामा ९०० जनाभन्दा बढी यात्री घाइते भएका छन् । उडिशाको बालासोरमा द्रुत गतिमा हुँइकिएका तीनवटा रेल एक आपसमा ठोक्किएर दुर्घटना भएको बताइएको छ ।

दक्षिणपूर्वी रेलवेका अनुसार घाइते यात्रुहरूलाई राज्यको गोपालपुर, खन्तपारा, बालासोर, भद्रक र सोरोका अस्पताल भर्ना गरिएको छ । दुर्घटनास्थलमा उद्धार कार्य पूरा भएको र पुनःस्थापनाका काम जारी रहेको जानकारी दिइएको छ ।

शुक्रबार बिहान सात बजे बालासोर जिल्लाको बहानागा बजार स्टेसनमा बेंगलुरु-हावडा सुपरफास्ट एक्सप्रेस, कोरोमण्डल एक्सप्रेस र मालवाहक रेल ठोक्किएका थिए । दुर्घटनामा यात्रुवाहक दुईवटा रेलका १७ वटा डिब्बा पटरीबाट बाहिर धेरै पर पुगेका छन्, गम्भीररूपमा क्षतिग्रस्त भएका डिब्बाबाट त्यहाँ फसेका सबैलाई उद्धार गरिएको छ ।

केन्द्रीय रेलमन्त्री अश्विनी वैष्णव आफैं पुनःस्थापनाको निरीक्षणमा छन् । रेलवे बोर्डका अध्यक्ष, स्वास्थ्य सेवा विभागका महानिर्देशक घाइते यात्रुहरूको उपचारको निगरानी गरिरहेका छन् भने अन्य सबै वरिष्ठ सरकारी अधिकारीहरू अस्पतालमा घाइते यात्रुहहरूको हेरचाह एवं समन्वय गरिरहेका छन् ।

दुर्घटनास्थलमा औषधिसहित प्यारामेडिकल स्टाफसहित १०० भन्दा बढी चिकित्सक टोलीलाई परिचालन गरिएको छ । घाइतेहरूलाई सोरो, बालासोर, भद्रक र कटकका अस्पतालहरूमा लैजान २०० भन्दा बढी एम्बुलेन्स परिचालन गरिएको थियो ।

उडिशा सरकारले दुर्घटनाका कारण अलपत्र परेका उडिशा र पश्चिम बंगालका यात्रुहरूलाई उनीहरूको गन्तव्यसम्म निःशुल्क यातायात सुविधा उपलब्ध गराउने घोषणा गरेको थियो । त्यसका निम्ति दुर्घटनास्थल नजिक ३० वटा बस तयारी अवस्थामा राखिएको थियो । घाइतेहरूलाई प्रदेशका सरकारी तथा निजी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गरिएको छ । *रासस/एएनआई*

# सुडानमा सहयोग मिसनको कार्यादेश थपियो

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले शुक्रबार सुडानमा रहेको संयुक्त राष्ट्र संघीय संक्रमण सहायता मिसनको कार्यादेश यस वर्षको डिसेम्बर ३ सम्म बढाउने निर्णय गरेको छ ।

सर्वसम्मतिले संकल्प २६८५ पारित गर्दै १५ सदस्यीय निकायले कार्यादेश कार्यान्वयनको प्रतिवेदन प्रत्येक ९० दिनमा परिषद् समक्ष पेस गर्न महासचिवलाई अनुरोध गर्दै यस विषयमा सक्रियतापूर्वक ध्यान दिने निर्णयसमेत गरेको छ । परिषद् सदस्यले सुडानले सामना गरिरहेका जटिल चुनौतीमा संयुक्त राष्ट्रसंघको प्रतिक्रिया समन्वय गर्न मिसनको उपस्थिति पहिलेभन्दा बढी महत्त्वपूर्ण हुने पनि उल्लेख गरेका छन् ।

सुरुमा १२ महिनाको अवधिका लागि स्थापना गरिए पनि दुई पटकसम्म विस्तार गरिएको थियो । सो मिसनको उद्देश्य सुडानलाई राजनीतिक स्थिरता, शान्ति निर्माण र विकासका क्षेत्रमा सही बाटोमा फर्काउने रहेको छ । *रासस/सिन्ह्वा*

# पश्चिमी अस्ट्रेलियामा ८०० किलो कोकिन बरामद

**सिड्नी-** अस्ट्रेलियाको संघीय प्रहरीले शुक्रबार ८०० किलोग्रामभन्दा बढी कोकिन बरामद गरेको छ । सो लागुपदार्थ तस्करी गर्ने प्रयास गर्ने अन्तर ाष्ट्रिय अपराध सिण्डिकेटसँग सम्बन्धित तीन जना पुरुषलाई पक्राउ गरिएको छ ।

प्रहरीका अनुसार मे २४ मा पश्चिमी अस्ट्रेलिया प्रहरी बल र स्वयंसेवी समुद्री उद्धार सेवाले २२ किलोमिटर टाढा रोटनेस्ट टापु नजिकै संकटमा परेको १० मिटर क्याबिन क्रुजरको चालक दललाई सहयोग गरेको थियो ।

बोर्डमा रहेका तीनजना पुरुषले प्रहरीलाई बताएअनुसार उनीहरूले जहाजको इन्जिनमा समस्याको देखेको तर डुंगा चलाउने अनुभव नभएको बताएका थिए ।

ती व्यक्तिको शंकास्पद गतिविधि देखेपछि प्रहरीले जहाजको निरिक्षणपछि पानीले भरिएको ब्यालास्ट ट्यांकीमा २९ वटा शंकास्पद प्याकेज फेला पारेको थियो । ती प्याकेजमा सेतो पाउडरका थुप्रै ब्लक पाइएको र कोकेन जस्तै प्रतीत भएको छ, थप अनुसन्धान जारी छ ।

तीन जनामध्ये दुई जनालाई बुधबार पक्राउ गरी पर्थमा हिरासतमा राकिएको छ भने तेस्रोलाई सिड्नीबाट पक्राउ गरिएको हो । ती आरोपित २१, २५ र २९ वर्षका रहेका छन् । दोषी प्रमाणित भएमा उनीहरूलाई अधिकतम आजीवन कारावासको सजाय हुनसक्ने प्रहरीले जनाएको छ । *रासस/सिन्ह्वा*


# कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEMP STAR CONT & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/०२/१९ LT. No. 287084 चलानी नं. ६०२०१९६४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Foreman | 0 | 4 | 2500 | ९०११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Receptionist | 0 | 2 | 1100 | ३९६४९ | | | | | | | |
| 3 | Representative | 0 | 1 | 2100 | ७५६९४ | | | | | | | |
| 4 | SUPERVISIOR | 16 | 0 | 2500 | ९०११२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० जेष्ठ २८ गते (11th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१६१५/०७९/०८०

**Leaders International Recruitment Agency Pvt. Ltd**

Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748

Email: leadersnepal1615@gmail.com


# Mandandeupur Municipality

## Office of Municipal Executive

Mahadevsthan, Kavre

Bagmati Province, Nepal

## INVITATION FOR ONLINE BIDS

**(Date of Publication: 04th Jun 2023)**

Mandandeupur Municipality has allocated funds to cover eligible payment under the Contract given below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N. | Contract Identification No. | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Estimated Amount NRs. (Without VAT and Contingencies) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1. | 14/Works/NCB/MDM/079/080 (Aadhogikgram pauch marga, ward no-06) | 250000 | 3000.00 | 8703951.88 | 90 days |

1. Mandandeupur Municipality invites online bids under e-procurement system from eligible bidders for the procurement of Development work of mentioned contract.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Mandandeupur Municipality, Mahadevsthan, Kavre, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document 3000.0 NRs in the following specified bank.

   Name of the bank : Global IME Bank,Kunta

   Name of the office : Mandandeupur Municipality, Mahadevsthan Kavre.

   Project Rajaswa Account No. : 22004010000010 (Fort the cost of Bid Document)

   Office Deposit Account no. : 22004010000008 (For the cash deposit of Bid Security Amount)
4. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 4th July 2023, 12:00. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User manuals issued by PPMO which are available in e-GP system. Online bids shall be opened in the presence of Bidders representatives who choose to attend on 4th july 2023, 13:00 hours at the office of Mandandeupur Municipality,Mahadevsthan, Kavre , Nepal. Online bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security amount (mentioned above), which shall be valid for minimum 30 days beyond the bid validity period. The scanned copy of bid security should be uploaded in the e-GP system during bid submission.
5. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
6. Other related rules and regulations are as per Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.

**Chief administrative officer**
**Mandandeupur Municipality**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०५०० | प्रति तोला – १०९९५० | प्रति तोला – १३७५ |



काठमाडौँको धुम्बाराही तरकारी बजारमा शनिबार बिक्रीका लागि राखिएको अर्गानिक तरकारी सिस्नु ।

*तस्बिर: नारायण न्यौपाने/रासस*

# लगानी र बजार माग बढ्नेमा परिसंघको आशंका

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तुत गरेको बजेटले अहिलेको अर्थतन्त्रको अवस्थाका सुधारका लागि केही सकारात्मक प्रयास गरे पनि लगानी प्रोत्साहन हुने र बजारको माग बढ्नेमा आशङ्का रहेका धारणा नेपाल उद्योग परिसङ्घले दिएको छ । प्रेस विज्ञप्ति जारी गर्दै परिसङ्घले बजेटबारे आफ्नो यस्तो धारणा सार्वजनिक गरेको हो ।

'मन्दिरमा रहेको अर्थतन्त्रलाई समृद्धितर्फ लैजान लगानी बढाउनुपर्ने अवस्थामा पुँजीगत खर्च घटाइएको छ । आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्न तयारी वस्तु र कच्चापदार्थको भन्सार दर कम्तीमा दुई तहको फरक हुनुपर्नेमा एक तहमात्रै फरक गरेर सरकारले आफ्नै नीतिसमेत सम्बोधन गरेको छैन । मन्दीमा रहेको अर्थतन्त्रलाई प्रस्तुत बजेटले निकास दिनेमा हाम्रो आशङ्का छ', परिसङ्घले विज्ञप्तिमा भनेको छ । निजी क्षेत्रको लगानी वृद्धि गर्न परिसङ्घले दिएका सुझाव बजेटमा सम्बोधन नभएको पनि उसको भनाइ छ ।

बजेटमा समावेश भएका विषयको प्रभावकारी कार्यान्वयनमा शङ्का रहेको परिसङ्घको धारणा छ । चालु आर्थिक वर्षको बजेटमा राखिएका अधिकांश व्यवस्था कार्यान्वयन नभएको तथ्य उसले सार्वजनिक गरेको छ ।

'बजेटमा घोषणा हुने तर कार्यान्वयन पक्ष निकै कमजोर रहने वास्तविकता परिसङ्घले सञ्चालन गरेको बजेट वाच कार्यक्रमको तथ्यलेसमेत देखाएको छ । चालु आव बजेटमा समावेश भएका निजी क्षेत्रसँग सम्बन्धित ६२ विषयमध्ये चैत्र मसान्तसम्ममा १६ प्रतिशत मात्रै पूर्ण कार्यान्वयन भएका छन्', परिसङ्घले भनेको छ, 'बजेटमा समावेश गरिने तर कार्यान्वयन नहुने विषय गम्भीर चिन्ताको विषय बन्दै आएको छ ।'

कार्यान्वयनमा आशङ्का जनाए पनि बजेटका धेरै कार्यक्रम राम्रा रहेको विज्ञप्तिमा उल्लेख छ । पूर्वाधार परियोजनामा स्वदेशमा उत्पादित वस्तु प्रयोग गर्ने, जग्गाको हदबन्दीसम्बन्धी कानुनमा पुनरावलोकन गर्ने, सार्वजनिक-निजी साझेदारीमा औद्योगिक क्षेत्र निर्माण तथा सञ्चालन, वैदेशिक लगानीको न्यूनतम सीमा पुनरावलोकन गर्ने, ढुङ्गा, गिट्टी निकासी गर्न आधार तयार गर्ने, साइट क्लियरेन्स भएका आयोजनालाई मात्रै बजेट विनियोजन गर्ने, स्टार्टअप व्यवसायमा लगानी प्रोत्साहन गर्नेलगायतका विषय स्वागतयोग्य रहेको परिसङ्घले जनाएको छ ।

त्यस्तै, उत्पादनमूलक तथा निर्यातजन्य उद्योगका लागि सहजरूपमा जग्गा उपलब्ध गराउने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्नेलगायतका विषय पनि सकारात्मक रहेको विज्ञप्तिमा उल्लेख छ । विदेशी लगानीबाट आर्जित आयलाई पुनःलगानी गर्दा स्वीकृति लिनु नपर्ने, सूचना प्रविधि क्षेत्रमा वैदेशिक लगानीको सीमा हटाउने, सूचना प्रविधि क्षेत्रलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न, सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्न निर्यातबाट प्राप्त विदेशी मुद्राको १० प्रतिशतसम्म सटही सुविधा उपलब्ध गराइने व्यवस्था सकारात्मक रहेको परिसङ्घको धारणा छ ।

त्यसैगरी, विकास निर्माण आयोजनामा वनसँग जोडिएका विषयमा बजेटमार्फत सकारात्मक कुरा ल्याइएको परिसङ्घको भनाइ छ । 'वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्ताव पेस भएको ३० दिनभित्र निर्णय दिनुपर्ने, कटान गर्ने रुखमा १० प्रतिशतसम्म फरक भए पनि पुनःस्वीकृति लिनु नपर्ने, वन क्षेत्रको प्रयोग र रुख कटानीको स्वीकृति एकैपटक दिने, स्वीकृति प्राप्त भएको १५ दिनभित्र रुख कटानको आदेश दिनुपर्ने व्यवस्थाले परियोजनाको लागत बढ्न नदिने मात्र नभई समयमै परियोजना सम्पन्न गर्नसमेत मद्दत गर्ने हाम्रो विश्वास छ', परिसङ्घले भनेको छ ।

बजेटले अर्थतन्त्र सुधारका केही नयाँ सङ्केत गरे पनि कर नीतिमा देखिएको अस्थिरताले लगानी बिग्रनसक्नेमा परिसङ्घले चिन्ता व्यक्त गरेको छ । लगानी अभिवृद्धिका लागि नीतिगत स्थिरता चाहिनेमा सरकारले प्रत्येक वर्ष भन्सार, अन्तःशुल्कलगायत करका दर परिवर्तन गर्दा लगानीको वातावरण अनिश्चित हुँदै गएको परिसङ्घको भनाइ छ । 'विसं २०५४ मा सरकारले एउटा मात्र कर (भ्याट) लगाउँछौं, त्यसलाई स्वीकार गरिदेउ, त्यसपछि हामी अरु कर लगाउँदैनौं भनेर निजी क्षेत्रलाई करमा सहमति गराएको थियो । अहिले अनेक प्रकारका कर लगाइएको छ । यसले लगानीको वातावरण बिग्रन सक्नेतर्फ परिसङ्घ चिन्ता व्यक्त गर्दछ', विज्ञप्तिमा भनिएको छ ।

## दोधारा चाँदनीमा सुक्खा बन्दरगाह

# दुई देशको सहमतिले जगायो आशा

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** कञ्चनपुरको दोधारा चाँदनीमा भारतको सहयोगमा सुक्खा बन्दरगाह बन्ने भएपछि यहाँका स्थानीय हर्षित भएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय समकक्षी नरेन्द्र मोदीबीच दोधारा चाँदनीमा भारतको सहयोगमा सुक्खा बन्दरगाह निर्माण गर्ने विषयमा सहमति भएको छ । लामो समयदेखि चर्चामा रहेको सुक्खा बन्दरगाह निर्माणका लागि भारत सहमत भएपछि अब निर्माणको काम अघि बढ्ने भन्दै स्थानीय आशावादी बनेका छन् ।

'लामो समयदेखि सुक्खा बन्दरगाह चर्चामा मात्रै आइरहेको छ, अहिलेसम्म यसको केही काम अगाडि बढेको छैन', दोधारा चाँदनी नगरपालिका-१ का स्थानीय टीकाराम चन्दले भने, 'नेपाल र भारतबीच निर्माणको सम्झौता भएपछि अब निर्माण हुन्छ कि भन्ने आशा पलाएको छ ।'

सम्झौताअनुसार सुक्खा बन्दरगाह भारतले तीन वर्षभित्र बनाउनेछ । सम्झौतामा नेपालका तर्फबाट वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले समझदारी पत्र साटासाट गरेका थिए । बन्दरगाह निर्माणका लागि विसं २०६४ मै प्रस्ताव गरिएको थियो । प्रस्ताव भएको झन्डै १० वर्षपछि सरकारले निर्माण प्रक्रिया सुरु गरेको हो ।

सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा सुक्खा बन्दरगाह तीन वर्षभित्र निर्माण गरिने उल्लेख छ । भारतसँग सुक्खा बन्दरगाहका लागि सम्झौता एवं नीति तथा कार्यक्रममा समेटिएपछि यहाँका स्थानीयका साथै निजी क्षेत्रका व्यवसायी खुसी भएका छन् । सम्झौता अनुरूप समयावधिमै काम सम्पन्न गर्ने गरी निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने उहाँहरूको भनाइ छ ।

'वर्षौंदेखि सुक्खा बन्दरगाह निर्माणमा सरकारले चासो देखाएको थिएन, यसपटक भारतसँग निर्माण सम्झौता हुनु खुसीको कुरा हो', उद्योग वाणिज्य सङ्घ कञ्चनपुरका अध्यक्ष पिताम्बर जोशीले भने, 'निर्णय कार्यान्वयनमा जोड दिनुपर्छ ।' सुक्खा बन्दरगाह निर्माणका लागि सरकारले दोधारा चाँदनीका मायापुरी र गौरीशङ्कर सामुदायिक वनको दुई सय ८० बिघा जमिन छनोट गरेको छ । यी दुई वनले वडा नं १, २ र ३ को भूभाग समेट्छन् ।

बन्दरगाह निर्माणका लागि हाल वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को काम सम्पन्न भइसकेको छ । महाकाली नदीमा बनेको मोटरेबल पुल, छ लेनको सडक लगायतका पूर्वाधारले बन्दरगाह निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । भारतीय पक्षले दोधारा चाँदनी-१ गडिगोठसम्म बन्दरगाहका लागि पहुँचमार्गको ट्र्याकसमेत खोलेको छ । ट्र्याक खोलिएसँगै अब पहुँचमार्ग कालोपत्रको काम अगाडि बढ्ने छ । यो मार्गले नेपाल र भारतलाई व्यापारिकसँगै यातायात सेवालाई पनि जोड्ने छ ।

दुई दशकअघिदेखि चर्चामा रहेको बन्दरगाह निर्माणस्थलको गत फागुन १ गते प्रधानमन्त्री प्रचण्डले निरीक्षण गरेका थिए । तीन वर्षमा बन्दरगाह निर्माण गर्ने गरी भारतसँग सम्झौता गर्ने उहाँले प्रतिबद्धता जनाउनुभएको थियो । दोधारा चाँदनीमा बन्दरगाह निर्माण भए सुदूरपश्चिम क्षेत्र व्यापारिक रूपमा भारतसँग जोडिनेछ । यसका साथै भारतको राजधानी नयाँदिल्ली र औद्योगिक नगरी रुद्रपुरसम्म पनि सहज पहुँच हुने तथा यस क्षेत्रको व्यापार व्यवसायमा वृद्धि हुनेमा स्थानीयको विश्वास छ ।

## रोजगार मेला सम्पन्न

**काठमाडौं (प्रस) –** निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले राजधानीमा आयोजना गरेको रोजगार मेला सम्पन्न भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को सहयोगमा मङ्गलबार र बुधबार आयोजना गरिएको मेलामा नेपालमा रहेका ५४ वटा प्रतिष्ठित कम्पनीको सहभागिता थियो । ती कम्पनीले करिब छ सय रोजगारीको अवसर खुला गरेका थिए । मेलामा कामको खोजीमा रहेका युवाहरूको निकै ठूलो सहभागिता रहेको थियो ।


गर्मी एवं वर्षात्को समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस, घोडा जस्ता पशुपन्छीहरू व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मदिरा बिक्रेताको लाइसेन्स दस्तुर बढ्यो

**काठमाडौं (प्रस)–** सरकारले आर्थिक विधेयक, २०८० मार्फत मदिरा र सूर्तीजन्य वस्तुको उत्पादक, वितरक तथा बिक्रेताको इजाजतपत्र (लाइसेन्स) र नवीकरण दस्तुर बढाएको छ । आर्थिक विधेयकमार्फत अन्तःशुल्क नियमावली, २०७९ मा भएको संशोधन तथा परिमार्जनबारे आन्तरिक राजस्व विभागले शुक्रबार सार्वजनिक गरेको विवरणअनुसार स्प्रिट, बियर, इथानोल र अन्य मरिदा उत्पादन गर्ने प्रतिष्ठानको लाइसेन्स र नवीकरण दस्तुर रू ५५ हजारले बढेको हो । यसअघि यस्तो शुल्क रू एक लाख ९५ हजार बराबर रहेकामा त्यसलाई बढाएर रू दुई लाख ५० हजार पुऱ्याइएको छ ।

वाइन, ब्रान्डीजस्ता फलफूलमा आधारित मदिरा बनाउने प्रतिष्ठानको लाइसेन्स र नवीकरण शुल्क रू चार हजारले बढाएर रू एक लाख पुऱ्याइएको छ । चुरोट उत्पादन गर्ने प्रतिष्ठानलाई रू दुई लाख ४० हजार इजाजत तथा नवीकरण दस्तुर लाग्दै आएकामा त्यस्तो शुल्क रू तीन लाख पुगेको छ ।

मदिरा बिक्रीवितरणका लागि होटल, रेस्टुराँ, रिसोर्ट, बारले लिने इजाजत तथा नवीकरण दस्तुर पनि बढेको छ । यस्तो शुल्क यसअघि पाँच तारे होटललाई रू ६० हजार रहेकामा रू ७५ हजार, चारतारे होटललाई रू ४८ हजार रहेकोमा ६० हजार र तीन तारे होटललाई रू ३६ हजार रहेकामा ४५ हजार बनाइएको छ । दुई तारेलाई रू २४ हजार रहेकामा रू ३० हजार र एक तारेलाई रू १२ हजार रहेकामा रू १५ हजार पुऱ्याइएको छ । स्वदेशी तथा विदेशी मदिरा बेच्ने पर्यटकस्तरको रेस्टुरेन्ट, रिसोर्ट तथा पार्टी प्यालेसले इजाजत तथा नवीकरणका लागि रू आठ हजार पाँच सय तिर्दै आएका थिए । अहिले त्यो बढेर रू ११ हजार पुगेको छ । साधारण होटल, रेस्टुरेन्ट, बार तथा लजका लागि रू चार हजार पाँच सय बराबर शुल्क रहेकामा रू छ हजार पुऱ्याइएको छ ।

मदिरा वितरकलाई यस्तो शूल्क रू ३६ हजार बराबर रहेकामा बढेर रू ४५ हजार पुगेको छ । त्यस्तै मदिराको थोक बिक्रेतालाई रू २४ हजार दस्तुर लाग्ने गरेकामा रू ३० हजार पुऱ्याइएको छ ।

मदिरा बिक्री गर्ने खुद्रा बिक्रेताको इजाजत लिन तथा त्यस्तो इजाजत नवीकरण गर्दा लाग्ने शुल्क पनि बढेको छ । यस्तो इजाजत तथा नवीकरणका लागि रू १२ हजार शुल्क लाग्ने गरेकामा अब रू १५ हजार शुल्क लाग्नेछ । त्यस्तै, डिपार्टमेन्टल स्टोरले रू २४ हजार शुल्क तिर्दै आएकामा रू ३० हजार तिर्नुपर्नेछ । विदेशी मदिरा तथा स्प्रिट आयातकर्ताको अनुमति लिन तथा त्यस्तो अनुमतिपत्रको नवीकरणका लागि रू ४८ हजार शुल्क लाग्दै आएकोमा रू ६० हजार पुगेको छ ।

विदेशी चुरोट तथा सिगार, सूर्तीजन्य पदार्थ आयातकर्तालाई रू ४८ हजार बराबर शुल्क लाग्दै आएको थियो । त्यसलाई बढाएर रू ६० हजार तोकिएको छ । त्यस्तै, पान मसला, चुरोट, खैनी, जर्दा, नश, तथा सुर्तीजन्य वस्तुका थोक बिक्रेताको लाइसेन्स तथा नवीकरणका लागि रू सात हजार दुई सय लाग्दै आएकामा अब रू १२ हजार शूल्क लाग्नेछ । यस्ता वस्तुको खुद्रा बिक्रेताका लागि रू दुई हजार शुल्क लाग्दै आएकामा अब रू तीन हजार लाग्नेछ । पान मसला, खैनी, जर्दा, नश, चुरोट बाहेकका सूर्तीजन्य वस्तु उत्पादन गर्ने प्रतिष्ठानका लागि रू एक लाख २० हजार लाग्दै आएकामा अब रू दुई लाख लाग्नेछ ।


अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ